का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ मंसिर २०७९,
आइतबार
20 November 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २७४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## आज मतदान

# मतमा बदलिँदै जनमत

१६५ सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ निर्वाचित हुन्छन् भने ११० सदस्य समानुपातिक तर्फबाट निर्वाचित हुनेछन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ मंसिर ।

प्रदेशसभा र प्रतिनिधिसभा सदस्यका लागि आज मतदान । आज बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदानको समय तय भएको छ । तर, नभ्याएको खण्डमा साँझ ५ बजेसम्म मतदान केन्द्रमा प्रवेश गर्नेहरुले मतदान गर्न पाउनेछन् ।

निर्वाचनको अघिल्लो दिन पत्रकार सम्मेलन गर्दै प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आवश्यक पर्ने सम्पूर्ण तयारी पूरा गरेको जानकारी दिएका छन् ।

आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचन अनुगमन टोली र मतदान कार्यमा खटिएका कर्मचारी एवं सुरक्षाकर्मीबाट समेत सूक्ष्म अनुगमनको कार्य भइरहेको थपलियाले बताए । आयोगबाट स्वीकृत मापदण्डबमोजिम निर्वाचनको स्वच्छता र स्वतन्त्रतामा प्रतिकूल असर नपर्ने गरी यातायातको व्यवस्थित सञ्चालन तथा सवारी आवागमनको उपयुक्त प्रबन्ध मिलाउन सम्बन्धित प्रमुख जिल्ला अधिकारी तथा अन्य तोकएका अधिकारीलाई निर्देशन दिइसकिएको पनि उनले जानकारी दिए ।

निर्वाचन आयोगका अनुसार २७५ सदस्यीय प्रतिनिधिसभा सदस्यका लागि ४ हजार ६११ उम्मेदवार चुनावी मैदानमा छन् । १६५ सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ निर्वाचित हुन्छन् भने ११० सदस्य समानुपातिक तर्फबाट निर्वाचित हुनेछन् ।

निर्वाचन आयोगका अनुसार प्रतिनिधि सभा सदस्यमा प्रत्यक्षतर्फ २ हजार ४१२ जना उम्मेदवार छन् भने समानुपातिकतर्फ २ हजार १९९ उम्मेदवार छन् । प्रदेश सभाका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागी ३ हजार

– बाँकी पृष्ठ २ मा

# कसले कहाँबाट गर्दैछन् मतदान ?



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ मंसिर ।

प्रतिनिधिसभा तथा प्रदेशसभाअन्तर्गत आजको निर्वाचनमा प्रमुख दलका सबैजसो शीर्ष नेताले मतदान गर्दै छन् ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले डडेलधुराको गन्यापधुरा गाउँपालिका-१, रुवाखोलास्थित असिग्राम मावि मतदान केन्द्रमा मतदान गर्दै छन् । यसका लागि देउवा केही दिनदेखि डडेलधुरामा छन् ।

विसं २०४८ देखि लगातार निर्वाचित प्रधानमन्त्री देउवा पुनः सोही निर्वाचन क्षेत्रबाट उम्मेदवार छन् । प्रधानमन्त्री देउवाका कानुनविज्ञ अधिवक्ता केशवराज जोशीका अनुसार प्रधानमन्त्री पत्नी डा.आरजु राणा देउवाले पनि सोही मतदान केन्द्रबाट मतदान गर्नेछन् ।

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पनि आ-आफ्नो मतदाता नामावली भएको मतदान केन्द्रमा पुगी मतदान गर्नेछन् । अध्यक्ष दाहाल आफ्नो

– बाँकी पृष्ठ २ मा

# ढुक्क भएर मतदान गर्न अपिल



निर्वाचन, प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशीला भएको र आफूले रोजेको प्रतिनिधिमार्फत शासन संचालन गर्न पाउने जनताको अधिकारलाई निर्वाचनले नै वैधता र सुनिश्चितता प्रदान गर्ने हुँदा निर्धक्क भएर मतदान गर्नु हुन हार्दिक अपिल गर्दछु ।

**दिनेशकुमार थपलिया**
**प्रमुख आयुक्त**

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ मंसिर ।

निर्वाचन आयोगले निर्वाचनमा भाग लिई आफ्नो मताधिकार प्रयोग गर्न मतदाताहरुलाई अपिल गरेको छ ।

निर्वाचनको अघिल्लो दिन पत्रकार सम्मेलन गर्दै प्रमुख निर्वाचन आयुक्त थपलियाले ढुक्क भएर मतदान गर्न अपिल गरेका हुन् ।

आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचन अनुगमन टोली र मतदान कार्यमा खटिएका कर्मचारी एवं सुरक्षाकर्मीबाट समेत सूक्ष्म अनुगमनको कार्य भइरहेको थपलियाले बताए ।

आयोगबाट स्वीकृत मापदण्डबमोजिम निर्वाचनको स्वच्छता र स्वतन्त्रतामा प्रतिकूल असर नपर्ने गरी यातायातको व्यवस्थित सञ्चालन तथा सवारी आवागमनको उपयुक्त प्रबन्ध मिलाउन सम्बन्धित प्रमुख जिल्ला अधिकारी

– बाँकी पृष्ठ २ मा

# भोट हाल्न सरकारी परिचयपत्र भए पुग्छ

**काठमाडौं/मस-** परिचयपत्रका आधारमा मतदान गर्न पाइने भएको छ । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा निर्वाचन आयोगबाट जारी मतदाता परिचयपत्रको विकल्पमा अन्य पाँच प्रकारका सरकारी परिचयपत्रको सक्कलका आधारमा मतदान गर्न सकिने व्यवस्था गरिएको छ ।

मतदानका लागि आयोगबाट जारी मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, जग्गाधनी प्रमाणपुर्जा, राहदानी र सवारी चालक अनुमतिपत्रको सक्कलप्रति आवश्यक पर्ने आयोगले जनाएको छ । अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले मतदानका दिन मतदान केन्द्रमा जाँदा ती परिचयपत्रको सक्कलप्रति लिएर मतदान गर्न सक्नेछन् ।

# मतदान गर्ने सही तरिका

**काठमाडौं/मस-** निर्वाचनमा आफूले चाहेको प्रतिनिधि छान्न मतदाताले सही तरिकाले आफ्नो मताधिकार प्रयोग गर्न आवश्यक छ ।

यस पटकको निर्वाचनमा प्रतिनिधिसभा सदस्य तर्फ प्रत्यक्ष र समानुपातिकमा एक-एक त्यस्तै प्रदेशसभा अन्तर्गत प्रत्यक्ष र समानुपातिक एक-एक गरी जम्मा ४ वटा मत पत्र रहेका छन् ।

निर्वाचन आयोगका सहायक प्रवक्ता कमल भट्टराईका अनुसार सबैभन्दा पहिला मतदाताले आफ्नो नाम रहेको मतदान स्थलमा पुगेर त्यहाँ खटिएका कर्मचारीको सहयोगमा आफ्नो परिचयपत्र भिडाएर मतदानका लागि अघि बढ्नु पर्ने हुन्छ । र मतदाताले प्रतिनिधिसभा सदस्य प्रत्यक्ष र समानुपातिक तथा प्रदेशसभातर्फ प्रत्यक्ष र समानुपातिक गरी ४ वटा मतपत्रमा छुट्टाछुट्टै मतदान गर्नु पर्ने हुन्छ । त्यसका लागि मतदान स्थलमा खटिएका कर्मचारीहरूले मतदान अधिकृतहरूको दस्तखत भएका छुट्टाछुट्टै मत पत्र उपलब्ध गराउने छन् । यसपछि मतदाताले गोप्य स्थानमा पुगेर मत पत्रमा आफूले रोजेको निर्वाचन चिन्हमा

– बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# निर्वाचनको समयमा सधैं उपेक्षित कामदारको मत

**कुमार पौडेल/मध्यान्ह**
माल्टा, ३ कात्तिक

आइतबार हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि यतिबेला नेपाल निर्वाचनमय बनेको छ । कतिपय विदेशिएका नेपाली नेपाल गएर कोही चुनावमा होमिएका छन् भने कोही समाजसेवा त कोही कृषि पेशामा आवद्ध छन् । कोभिड पश्चात् वैदेशिक रोजगारका सिलसिलामा खाडीका विभिन्न मुलुक, युरोप र मलेसियालगायतका देशहरुमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या दिनानुदिन बढिरहेको छ । आफूले पठाएको रेमिट्यान्स देशमा चल्ने तर मतदान भने गर्न नपाउने पीडा विदेशिएका नेपालीहरुमा छ ।

वर्षौंदेखि रोजगारी वा अन्य कामका सिलसिलामा विदेशमा रहेका नेपालीहरुलाई सधैंभरी मौन भएर बस्नुपर्ने बाध्यता पारिएको भन्दै गैरआवासीय नेपाली संघ (एनआरएनए) माल्टाले आपत्ति जनाएको छ ।

एनआरएनए माल्टाका अध्यक्ष भुवन अर्यालले विदेशमा बस्ने नेपालीको रेमिट्यान्सले देश चलाउने तर देशलाई आर्थिक सम्पन्नताका लागि पहल गर्ने नेपालीलाई मताधिकार नदिने सरकार र निर्वाचन आयोगको निर्णयले दुखी तुल्याएको बताए ।

एनआरएनए माल्टाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, '२०७५ सालमै सर्वोच्च अदालतले विदेशमा बस्ने नेपालीका लागि पनि मतदानको व्यवस्था गर्न भन्दै गरेको निर्देशनात्मक आदेश लागू गर्न निर्वाचन आयोग तयार नहुँदा हामी मताधिकारबाट वञ्चित भएका छौं ।'

निर्वाचनमा ठूलो प्रभाव पार्न सक्ने मतदताहरुलाई यसरी मौन बसाएर उनीहरुले पठाएको रेमिट्यान्स मात्र चलाउने शैलीप्रति दुःख व्यक्त गर्दै विज्ञप्तिमा भनिएको छ, ' यो महान पर्व सफल बनोस् र यसबाट चुनिएर आउने प्रतिनिधिले अर्को निर्वाचनमा हामी जस्ता मतदातालाई पनि मताधिकार प्रयोगको सुनिश्चितता गराउन सकून् ।'यिनै कुराहरुलाई लिएर पटकपटक सम्भावना खोज्न निर्वाचन आयोग र नेपाल सरकारका अधिकारीहरु विदेश भ्रमण पनि गरे । तर आयोगले कानूनी र अन्य जटिलता देखाउँदै विदेशमा रहेका नेपालीलाई मताधिकारको व्यवस्था गर्न सकेन । अहिले मौन अवधि चलिर हँदा विदेशमा रहेका

– बाँकी पृष्ठ २ मा

# कतार महासंग्राम

## विश्वकप फुटबल आजबाट शुरु

**काठमाडौं/मस-** विश्व फुटबलको कुम्भमेला फिफा विश्वकप फुटबल आइतबारबाट कतारमा शुरु हुँदैछ । ६० हजार दर्शक क्षमताको अल बायत स्टेडियममा कतार विश्वकपको भव्य उद्घाटन हुनेछ । कतार विश्वकपको उद्घाटन खेलमा आयोजक कतार र इक्वेडरबीच प्रतिस्पर्धा हुनेछ । उद्घाटन खेल नेपाली समय अनुसार राति पौने १० बजे शुरु हुनेछ । यस पटकको विश्वकपमा ३२ राष्ट्रले प्रतिस्पर्धा गर्दैछन् । सहभागी ३२ राष्ट्रलाई आठ समूहमा विभाजन गरिएको छ । पहिलो दिन एउटा मात्र खेल हुने विश्वकप २०२२ को फाइनल खेल पुस ३ गते आइतबार नेपाली समय अनुसार राति पौने ९ बजे शुरू हुनेछ ।



विस्तृत समाचार पृष्ठ ७ मा







मध्यान्ह
www.madhyanhadaily.com
४ मंसिर २०७९, आइतबार
20 November 2022, Sunday

आम चुनाव २०७९

# सवारीसाधन सञ्चालनमा रोक



**काठमाडौं/मस**–शनिबार राति १२ बजेबाट सवारीसाधन चलाउन रोक लगाइएको छ। शनिबार राति १२ बजेबाट आइतबार मतदान सम्पन्न नहुँदासम्म सवारी साधन चलाउन रोक लगाइएको गृह मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलका अनुसार निर्वाचनको सुरक्षालाई लक्षित गरी १२ बजेदेखि गाडी चलाउन रोक लगाएको हो। कतिपय सवारी साधन र यात्रुहरु बिच बाटोमै अलपत्र पर्न सक्ने भएकाले राति १२ बजेबाट नै गाडी चलाउन रोक लगाइएको उनले जानकारी दिए। निर्वाचनको दिन साँझ ५ बजेसम्म सवारी चलाउन रोक लगाइएको हो। आइतबार बिहान ७ बजेदेखि प्रतिनिधि सभा र प्रदेश सभाका लागि देशभरी मतदान हुँदैछ। मतदानका लागि सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ। साथै, कसैको डर, त्रार, धम्की र प्रलोभनमा नपरी मतदान गर्न समेत आयोगले आग्रह गरेको छ।

### चार्टर्ड उडान मात्रै

प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका दिन मुलुकको आन्तरिक उडान नहुने भएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आन्तरिकतर्फ चार्टर्ड उडान मात्रै हुने विमानस्थल कार्यालयले जनाएको छ।

विमानस्थल कार्यालयका प्रवक्ता टेकनाथ सिटौलाका अनुसार आइतबार तारा एयरले चार वटा चार्टर्ड उडानका लागि अनुमति लिएको छ। तारा एयरले लुक्लाबाट काठमाडौं पर्यटक ल्याउनका लागि चार्टर्ड उडान गर्ने जनाइएको छ।

हेलिकप्टरको पनि केही उद्धार उडान हुने विमानस्थलले जनाएको छ। अन्तर्राष्ट्रियतर्फ भने नियमित उडान हुने विमानस्थलका प्रवक्ता सिटौलाले बताए। आन्तरिकतर्फ ११ हेलिकप्टर कम्पनीसहित २० वायुसेवा प्रदायकले उडान सञ्चालन गर्दै आएका छन्।

## हुम्लाको चामल नेपालगञ्जमा थन्कियो

**खजुरा/मस**–नेपालगञ्जबाट कर्णालीको हिमाली जिल्ला हुम्ला पठाउने चामल नेपालगञ्जमै थन्किएको छ। हवाई मार्गबाट ढुवानीका लागि टेण्डर आह्वान गर्दा मापदण्डअनुसारको बोलपत्र नपरेको र स्थलमार्गबाट ढुवानी गर्न समस्या भएकाले हुम्ला जिल्लामा चामल ढुवानी हुन नसकेको हो।

सरकारले यस वर्ष नेपालगञ्जबाट हुम्लामा तीन हजार पाँच सय क्विन्टल चामल पुर्याउने कोटा तोकेको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट पुर्याउने भनिएको उक्त चामल भने ढुवानी हुन नसकी नेपालगञ्जमै थन्किएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगञ्जका प्रमुख रामशरण लामिछानेले बताए। उनका अनुसार सम्झौता गरिएको फर्मले चामल ढुवानी गरेको छैन।

तीन हजार पाँच सय क्विन्टलमध्ये दुई हजार क्विन्टल चामल हवाई मार्गबाट पुर्याउने लक्ष्य रहेको छ। त्यसका लागि भदौ १ गते खोलिएको टेण्डरमा कुनै पनि हवाई सेवा प्रदायकले मापदण्डअनुसार बोलपत्र नहालेको प्रमुख लामिछानेले जानकारी दिए।

त्यसपछि पुनः टेण्डर आह्वान गर्दा प्रक्रियामै धेरै समय लागेको हो। दोस्रोपटक आह्वान गरिएको टेण्डरमा तारा एयरले ढुवानी गर्न पाउने ठेक्का परेको तर सम्झौता गर्न आएको छैन।

सम्झौताका लागि यही मङ्सिर २० गतेसम्मको समय तोकिएको छ। 'हामीले उहाँहरूलाई चाँडोभन्दा चाँडो सम्झौताका लागि आउन भनिरहेका छौं', लामिछानेले भने, 'हवाई कम्पनीहरूले पछिल्लो समय इन्धनको मूल्य बढेको तर सरकारले ढुवानीका लागि मूल्य नबढाएकोले बढी मूल्य कबोल गरेर बोलपत्र हालेका थिए।'

सडकमार्गबाट एक हजार पाँच सय क्विन्टल चामल ढुवानी गर्ने जिम्मा भने एलबी सप्लायर्स हुम्लाले पाएको छ। तर, सडक मार्ग बिग्रेको भन्दै सप्लायर्सले अझै ढुवानी गरेको छैन। केही महिनाअघि भएको वर्षाले विभिन्न स्थानमा सडक बिग्रिएकाले ढुवानीमा समस्या भएको कम्पनीले जनाएको छ। कार्यालयले निर्वाचनपछि ढुवानी हुने विश्वास लिएको छ।

## प्रयोगविहीन नमूना माझी बस्तीका घर

**चौतारा/मस**–विसं २०७२ वैशाख १२ को भूकम्पपछि थाई नेपाली संघले सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-१२ शिखरपुरमा बनाइदिएको नमूना माझीगाउँका ४६ घर प्रयोगविहीन बनेका छन्।

भूकम्पलगत्तै रोटरी इन्टरनेशनलसमेतको सहयोगमा थाई नेपाली संघले रु.एक करोड सात लाख खर्चेर नमूना बस्ती बनाएको थियो। फराकिलो भए पनि एककोठे घर व्यावहारिक नभएपछि विकल्प खोज्नुपरेको धनबहादुर माझीले बताए। बाक्लो नमूना बस्तीमा रहेको घरमा माझीले ताल्चा झुन्ड्याउनुभएको छ। माझीले बस्तीको पछाडि छकोठे आरसिसी घर ठड्याएका छन्। तेह्र सदस्यीय परिवार नमूना बस्तीको एककोठे घरमा नअटेपछि अर्को घर बनाउनुपरेको माझीले बताए।

तत्काललाई नमूना बस्तीले सुविधा दिए पनि अहिले प्रयोगविहीन बनेको सीता माझीले बताए। उनका अनुसार केही माझी परिवारले नमूना बस्तीका घरलाई अन्नपात राख्ने र भान्छा बनाएका छन्। बस्तीका धेरैजसो घर प्रयोगविहीन अवस्थामा छन्।

तीनवटा सामूहिक धारा र एक सामुदायिक भवनसहितको नमूना बस्तीका घरमा आधा भागसम्म ढुंगाको गारो र बाँकीमा प्रिफ्याब प्रयोग गरिएको छ। निर्माणमा प्रयोग गरिएका सामग्रीको आधारमा बस्तीका घर अल्पकालीन संरचना भएको नमूना बस्ती उभभोक्ता समितिका अध्यक्ष नारायण माझीले बताए। उनका अनुसार माझी बस्तीका ४६ परिवारले नै अर्को घर बनाइसकेका छन्।

### आज...

२२४ उम्मेदवार रहेको र समानुपातिकतर्फ ३ हजार ७०८ जना अन्तिम बन्दसुचीमा कायम गरिएको आयोगले जनाएको छ। आसन्न निर्वाचनको पहिलो हुने निर्वाचित प्रणालीको प्रतिनिधि सभा तथा प्रदेश सभा को लागि ५ हजार ६३६ उम्मेदवार चुनावी प्रतिसपर्धामा रहेको र सामानुपातिक निर्वाचन प्रणालीतर्फ ५ हजार ९०७ अन्तिम बन्द सुचीमा कायम गरिएको आयोगले जनाएके हो। दुबै सभातर्फ कूल ११ हजार ५४२ उम्मेदवार चुनावी मैदानमा छन्।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचित हुने निर्वाचनका लागि ४ करोड ६ लाख ५ हजार मतपत्र र सामानुपातिक तर्फ ३ करोड ९८ लाख १६ हजार ५०० मतपत्र छपाई गरी ढुवानी गरीसकेको छ। मतपत्र, निर्वाचन सामग्री र २ लाख ४६ हजार जना कर्मचारी, आवश्यकता अनुसारको सुरक्षकर्मी मतदानस्थलमा पुगिसकेका छन्। साथै निर्वाचन अधिकृतद्वारा बैठक बस्ने, मतदान क्षेत्र तोक्ने, सुचनाहरु प्रकाशित गर्ने, मादक पदार्थ वा हाथहतियार बोक्न नदिने लगायतका विषयहरुमा आवश्यक छलफल गर्नेछन्। सामाजिक सञ्जालबाट कुनै किसिमको गलत मिथ्या सूचना प्रवाहबाट निर्वाचन आयोग प्रभावित हुनबाट आयोग सचेत रहेको प्रवक्ताको भनाई छ। निर्वाचन सुरक्षा जोखिमका आधार हरुलाई आवश्यकता अनुसारका सुरक्ष गस्ती र सम्पन्न घुम्ती टोली परिचालन गरेको प्रवक्ता थपलियाले जानकारी दिएका छन्। आयोगका अनुसार १० हजार ८९२ मतदानस्थल र २२ हजार २२७ मतदान केन्द्र छन्। कुल मतदाता १ करोड ७९ लाख ८८ हजार ५७० छन्।

पर्यवेक्षकद्वारा निर्वाचनको विश्वसनीयतालाई अभिवृद्धि गर्न ४४ वटा संस्थाका ७ हजार २०७ जना र दुई वटा अन्तर्राष्ट्रिय संस्थाबाट १२ जना गरी ७ हजार २१९ जनाले पर्यवेक्षण गर्ने अनुमति लिएको र भारत, भुटान, माल्दिभ्स, श्रीलंका र दक्षिण कोरियाका प्रमुख आयुक्तका टोलीले पर्यवेक्षण गर्ने भएको छ। साथै १८ वटा कुटनैतिक नियोगका नेपालका समुहले समेत मतदानको दिन अवलोकन गर्ने व्यवस्था मिलाएको छ।

सरकारले आज र भोलि देशभर सार्वजनिक बिदा दिएको छ। निर्वाचनको स्वतन्त्रता र निष्पक्षतामा कहीँ कतैबाट प्रश्न उठाउन सक्ने अवस्था सिर्जना नहोस् भन्ने ध्येयले आवश्यक तयारी गरिएको थपलियाले बताए।

बल प्रयोग गरी वा डर त्रास देखाइ मतदान केन्द्र कब्जा गर्न खोज्ने, कुनै मतदातालाई बाटो वा गौडा छेकी मतदान केन्द्रमा जान नदिने, मतपत्र, मतपेटिका वा मतदान सामग्री खोस्न, लुट्न, नष्ट गर्न वा कब्जामा लिन खोज्ने जो कोहीलाई तत्काल कारबाही गर्ने आयोगको चेतावनी छ।

निर्वाचन आयोगले निर्वाचनलाई कुनै पनि अवाञ्छित गतिविधिबाट प्रभावित हुन नदिइ आस्था, विचार, सिद्धान्त र निष्ठाबाट निर्देशित एवं परिचालित हुने वातावराण बनाउन दृढ संकल्पित रहेको पनि बताएको छ।

### कसले ...

मताधिकार प्रयोग गर्न चितवन पुगि सकेको उनका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिए। उनले भरतपुर महानगरपालिका-१४ शिवनगरस्थित मतदान केन्द्रमा मतदान गर्दै छन्।

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले गौर नगरपालिका-२ स्थित रामजानकी कन्या प्राथमिक विद्यालय भवनमा मतदान गर्दै छन्।

सोही पार्टीका नेता झलनाथ खनालले आफैं उम्मेदवार रहेको इलामको सूर्योदय नगरपालिका-९ को राष्ट्रिय निमावि फिक्कल, रामफोक मतदान केन्द्रमा मतदान गर्ने भएका छन्।

यस्तै, लोकतान्तिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले सर्लाहीको बलरा नगरपालिका-१ मा मतदान गर्नेछन्। अध्यक्ष ठाकुर महोत्तरी-३ का प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार छन्।

जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले विराटनगर-१४ स्थित डिग्री क्याम्पसमा रहेको मतदान केन्द्रमा मतदान गर्दै छन्। उनी सप्तरी क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार छन्।

त्यसैगरी कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले तनहुँको व्यास-२, सत्यवादी माध्यमिक विद्यालयस्थित केन्द्रबाट मतदान गर्ने भएका छन्। कांग्रेस महामन्त्री गगनकुमार थापाले काठमाडौं-३०, मैतीदेवी मन्दिरस्थित मतदान केन्द्रमा मतदान गर्दै छन्। अर्का महामन्त्री विश्वप्रकाश शर्माले झापाको मेचीनगर नगरपालिका-९ को कविशिरोमणि मतदान केन्द्रमा मतदान गर्नेछन्। कांग्रेसका नेता प्रकाशमान सिंहले काठमाडौं-१६ पकनाजोलस्थित नेपाल युवक माविको मतदान केन्द्रमा मतदान गर्नेछन्। कांग्रेस नेता डा.शेखर कोइरालाले विराटनगर-७ को आर्दश विद्यालयमा मतदान गर्नेछन्।

जसपाका सङ्घीय परिषद् अध्यक्ष अशोक राई सुनसरीबाट मतदान गर्दै छन्। उनी सुनसरी क्षेत्र नं १ बाट उम्मेदवार बनेका छन्। जसपाका नेता राजेन्द्र श्रेष्ठले क्षेत्रपाटी ढल्कुस्थित मतदान केन्द्रमा मतदान गर्नेछन्। श्रेष्ठ काठमाडौं क्षेत्र नं ७ का उम्मेदवार छन्। जसपाका प्रवक्ता मनिस सुमनले राजविराज-३ स्थित केएएमबी माविबाट मतदान गर्दै छन्। लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले सर्लाही चन्द्रनगर-२ दुर्गा खोभारी जनता उमावि केन्द्रमा मतदान गर्दै छन्। महतो सर्लाही क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार छन्।

त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापालगायत नेताले आफ्नै निर्वाचन क्षेत्रको मतदान केन्द्रमा मतदान गर्ने जनाइएको छ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेले भक्तपुर दरबार स्क्वायरको विद्यार्थी निकेतन उच्च मावि मतदान केन्द्रबाट मतदान गर्ने भएका छन्। माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले गोरखाको सिरानचोक गाउँपालिका-८ जौबारीस्थित मतदान केन्द्रमा मतदान गर्दै छन्।

पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले गोरखाको पालुङटार नपास्थित अन्नपूर्ण मावि मतदान केन्द्रमा मतदान गर्ने छन्। एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पनि काठमाडौं-५ स्थित टोखा-६, स्काइलार्क स्कुल धापासी केन्द्रबाट आफैंलाई मतदान गर्दै छन्। एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलले बुटवल-८ स्थित पश्चिमाञ्चल डिभिजन सडक कार्यालयमा मतदान गर्ने भएका छन्। एमाले महासचिव शङ्कर पोखरेलले तुलसीपुर- १९, जनता विद्यापीठ केन्द्र बिजौरीबाट मतदान गर्ने छन्। संविधान सभाका अध्यक्ष सुभाष नेम्वाङले इलाम-७ बालमन्दिर आधारभूत विद्यालय हाकिमटोलमा मतदान गर्ने छन्। एमाले नेता रामबहादुर थापाले भरतपुर-१० नारायणी नमूना माविमा मतदान गर्ने छन्। अर्का नेता टोपबहादुर रायमाझीले अर्घाखाँचीको सन्धिखर्क-९, अर्घा रजस्थल मावि रासीचौरमा मतदान गर्ने छन्। राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले पर्वतको मोदी गाउँपालिका-७ राम्जास्थित पशुपति माविमा रहेको मतदान केन्द्रमा मतदान गर्ने छन्।

मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले मध्यबानेश्वरमा रहेको मतदान केन्द्रमा मतदान गर्ने भएका छन्। यसैबीच, प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले लोकन्थलीस्थित युनिक नेपाल एकेडेमी मतदान केन्द्रमा मतदान गर्नेछन्। आयुक्त ईश्वरीप्रसाद पौड्यालले ललितपुरको सानेपास्थित टीका विद्याश्रम माविमा मतदान केन्द्र र अर्का आयुक्त रामप्रसाद भण्डारीले अनामनगरस्थित मिलन विद्यामन्दिर केन्द्रमा मतदान गर्नेछन्।

आयुक्त डा.जानकीकुमारी तुलाधरले सुन्दरबजार नगरपालिका-२ महेन्द्र मन्दिर मावि परेवाडाँडा लमजुङमा र आयुक्त सगुन शमशेर जबराले टोखा नगरपालिका-४ धापासीस्थित फैमालचुली मतदान केन्द्रमा मतदान गर्ने भएका छन्।

### ढुक्क...

तथा अन्य तोकएका अधिकारीलाई निर्देशन दिइसकिएको पनि उनले जानकारी दिए।

सरकारले भोलि र पर्सी देशभर सार्वजनिक बिदा दिएको छ। निर्वाचनको स्वतन्त्रता र निष्पक्षतामा कहीँ कतैबाट प्रश्न उठाउन सक्ने अवस्था सिर्जना नहोस् भन्ने ध्येयले आवश्यक तयारी गरिएको थपलियाले बताए।

बल प्रयोग गरी वा डर त्रास देखाइ मतदान केन्द्र कब्जा गर्न खोज्ने, कुनै मतदातालाई बाटो वा गौडा छेकी मतदान केन्द्रमा जान नदिने, मतपत्र, मतपेटिका वा मतदान सामग्री खोस्न, लुट्न, नष्ट गर्न वा कब्जामा लिन खोज्ने जो कोहीलाई तत्काल कारबाही गर्ने आयोगको चेतावनी छ।

निर्वाचन आयोगले निर्वाचनलाई कुनै पनि अवाञ्छित गतिविधिबाट प्रभावित हुन नदिइ आस्था, विचार, सिद्धान्त र निष्ठाबाट निर्देशित एवं परिचालित हुने वातावराण बनाउन दृढ संकल्पित रहेको पनि बताएको छ।

'निर्वाचन, प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशीला भएको र आफूले रोजेको प्रतिनिधिमार्फत शासन संचालन गर्न पाउने जनताको अधिकारलाई निर्वाचनले नै वैधता र सुनिश्चितता प्रदान गर्ने हुँदा निर्धक्क भएर मतदान गर्नु हुन हार्दिक अपिल गर्दछु' प्रमुख आयुक्त थपलियाले भनेका छन्।

### मतदान

स्पष्ट देखिने गरी स्वस्तिक छाप लगाउनु पर्ने छ। यदि एक भन्दा बढी ठाउँमा स्वस्तिक छाप लगाएमा त्यो मत पत्र बदर हुने पनि सहायक प्रवक्ता भट्टराईले बताए। एउटा मत पत्रमा रहेको एउटा निर्वाचन चिन्हमा स्वस्तिक छाप लगाइसकेपछि उक्त छाप अन्य निर्वाचन चिन्हमा नछुने गरी वा नलतपतिने गरी पट्याएर मतपेटिकामा खसाल्नु पर्ने छ। यो प्रक्रिया निरन्तर ४ वटा मतपत्रका लागि नै लागु हुने पनि सहायक प्रवक्ता भट्टराई ले बताए।

### निर्वाचनको ...

नेपालीहरुले आफ्नो मौनता तोडेका छन्। यसबाट पनि बुझ्न सकिन्छ कि विदेशिएका नेपाली नागरिकहरु आफ्नो मताधिकारको तीव्र पर्खाइमा छन्।

सर्लाही डायरी

एस.पी.गौरब/मध्यान्ह

# ढुक्क भएर मतदान गर्न प्रजिअ गौतमको आग्रह



आइतबार हुने प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचनको तयारी पूरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय सर्लाहीले जनाएको छ। जिल्लाका सबै मतदान केन्द्रहरुमा निर्वाचन सामग्री र टोली खटाइ सकिएको मुख्य निर्वाचन अधिकृत कवि प्रसाद न्यौपानेले बताए। जिल्लामा ३ सय १२ वटा मतदान स्थल रहेका छन् भने ६ सय वटा ६ सय वटा मतदान केन्द्र रहेको मुख्य निर्वाचन अधिकृत न्यौपानेले बताए।


जिल्लामा सुरक्षाका हिसाबले कुनै कमी हुन नदिन आवश्यक प्रवन्ध मिलाइएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले बताए। निर्वाचनमा सुरक्षा संवेदनशीलतालाई हेरेर जिल्लाभर ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको प्रजिअ गौतमले जानकारी दिए। मतदान स्थल र केन्द्र लगायत आवश्यक सुरक्षाका लागि पहिलो घेरामा म्यादी प्रहरी र नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेनाले सुरक्षा दिने गरी व्यवस्थापन गरिएको मुख्या निर्वाचन अधिकृतको कार्यालय सर्लाहीले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी गौतमले जिल्लामा राम्रो शान्ति सुरक्षाको व्यवस्था गरिएकाले ढुक्क भएर मतदान गर्न मतदातालाई आग्रह गरे। ११ वटा नगरपालिका र ९ वटा गाउँपालिका गरि २० वटा स्थानीय निकाय रहेको सर्लाहीमा २ सय वटा वडाहरु रहेका छन्। सर्लाहीमा ४ प्रतिनिधिसभा सदस्य र ८ प्रदेशसभा सदस्यका लागि २ सय २ जना उम्मेदवारहरु चुनावी मैदानमा छन्। प्रतिनिधिसभा सदस्यका लागि सर्लाही १ मा ७ जना विभिन्न पार्टीबाट र १२ जना स्वतन्त्रबाट गरी १९ जना, सर्लाही २ मा ९ जना विभिन्न पार्टीबाट र ८ जना स्वतन्त्रबाट गरी १७ जना, सर्लाही ३ मा ७ जना विभिन्न पार्टीबाट र ६ जना स्वतन्त्रबाट गरी १३ जना उम्मेदवारहरु चुनावी मैदानमा छन्।

त्यसैगरी सर्लाही ४ मा ११ जना विभिन्न पार्टीबाट र ९ जना स्वतन्त्रबाट गरी १७ जना उम्मेदवार रहेका छन्। ४ लाख ७९ हजार ३८ जना मतदाताहरुले मंसिर ४ गते मतदान गरी ४ प्रतिनिधिसभा सदस्य र ८ प्रदेश सभा सदस्य प्रत्यक्षतर्फ चुन्ने छन्। जिल्लामा निर्वाचन गराउन मतदान केन्द्रहरुमा ४ हजार ८ सय २० कर्मचारी खटाइएको छ। जिल्लाका ६ सय वटा स्थायी मतदान केन्द्र तथा ३ वटा अस्थायी मतदान केन्द्र गरी जम्मा ६०३ मतदान केन्द्रमा ११ जना जगेडा कर्मचारीसहित ४ हजार ८ सय २० जना कर्मचारी खटिने मुख्य निर्वाचन अधिकृतको कार्यालय सर्लाहीले जनाएको छ।

जगेडा कर्मचारीहरूमा ११ जना मतदान अधिकृत रहेका छन्। सर्लाहीमा ६ सय १४ मतदान अधिकृत, ६ सय सहायक मतदान अधिकृत, ३ हजार ३ सहायक कर्मचारी र ६ सय ३ सहयोगी कर्मचारी मतदान गराउन खटाइएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीले जनाएको छ।

## स्वस्तिक छाप लागेका मतपत्र बरामद



महोत्तरीको बर्दिवासबाट स्वस्तिक छाप लगाएको मतपत्र बोकेको एक सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ। बर्दिवास नगरपालिका ३ स्थित गौरीडाँडाबाट स्वस्तिक छाप लगाएको मतपत्र बोकेको भारतीय नम्बरको सवारी साधन नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। बर्दिवास नगरपालिका ३ स्थित गौरीडाँडाबाट शुक्रबार साँझ करिब ७ बजे स्वस्तिक छाप लगाएको मतपत्र बोकेको एच आर ३६ एस ५४७१ नम्बरको भारतीय सवारीसाधन नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी प्रमुख प्रहरी उपरिक्षक कृष्ण पंगेनीले जानकारी दिए।

नियन्त्रणमा लिइएको भारतीय नम्बरको सवारीसाधनमा सूर्य चिन्हमा स्वस्तिक छाप लगाएको २ सय ६२ थान नमूना मतपत्र फेला परेको प्रहरी उपरिक्षक पंगेनीले मध्यान्हलाई जानकारी दिए। भारतीय नम्बरको सवारीसाधनलाई ईलाका प्रहरी कार्यालय बर्दिवासको नियन्त्रणमा राखेर आवश्यक अनुसन्धान शुरु गरिएको प्रहरी उपरीक्षक पंगेनीले बताए।

मंसिर ४ को प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनको मौन अवधिमा आचारसंहिता विपरीत चुनावी प्रचारका सामग्री लिएर हिंडेको भारतीय नम्बरको सवारीसाधन र चालकलाई निर्वाचन कार्यालय महोतरीमा कारबाहीका लागि सिफारिस गरिने प्रहरी उपरीक्षक पंगेनीले बताए। तर प्रहरीले चालकको विवरण गोप्य राखेको छ।

मधेश प्रदेशका विभिन्न स्थानमा मतपत्र तथा स्वस्तिक छाप लगाएको मतपत्र प्रहरीले नियन्त्रणमा लिइरहेको छ। मधेश प्रदेशका जिल्लाहरुमा निर्वाचन आचारसंहिता विपरीत भारतीय नम्बरका सवारी साधनहरुको प्रयोग बढ्नुका साथै चुनाव प्रचार प्रसार र मत माग्ने काम जारी रहेको भएपनि निर्वाचन आचारसंहिता अनुगमन समिति मौन देखिएको छ।

## सर्लाहीमा पैसा बाँडेको आरोपमा २ जना पक्राउ

सर्लाहीको चन्द्रनगर गाँउपालिका २ बबरगन्जबाट पैसा बाँडेको आरोपमा दुई जना पक्राउ परेका छन्। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का दुई जना कार्यकर्तालाई रकम बाँड्दै गर्दा १ लाख रुपैयाँ नगद र कारसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

प्रहरीका अनुसार उनीहरु मतदातालाई पैसा बाँड्दै गर्दा पक्राउ परेका हुन्। निर्वाचन आचारसंहिता विपरीत सवारीसाधनको प्रयोग तथा रकम वितरण गरेको आरोपमा पक्राउ गरिएको प्रहरीले जनाएको छ। तर प्रहरीले सवारीसाधनको नम्बर र पक्राउ परेका व्यक्तिहरुको परिचय गोप्य राखेको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

हकदावी सम्बन्धी सूचना


प्रकाशित मितिः २०७९/०८/०४

यस कार्यालयमा मिति २०७८/०८/२४ मा दर्ता भएको **प्रा.लि. नं. २७९३६६** को **ओम श्री गणेश यातायात भलाइकोष प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

# निर्वाचनमा उत्साहपूर्वक सहभागिता जनाउन राष्ट्रपति र प्रधानमन्त्रीको आह्वान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ मंसिर





राष्ट्रपति विद्यादेवी भण्डारीले आइतबार देशभर एकै चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उत्साहपूर्वक सहभागिता जनाउन देशवासीलाई आह्वान गरेकी छन् । प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन, २०७९ का अवसरमा सन्देश दिँदै उनले मतदान गर्नु नागरिक अधिकारको उच्चतम् अभ्यास भएको बताएकी छन् ।

राष्ट्रपति भण्डारीले आवधिक निर्वाचनले जनतामा निहित सार्वभौमसत्तालाई औपचारिकरूपले अभिव्यक्त गर्दै राज्यशक्तिको वास्तविक स्रोत जनतामा रहेको यथार्थलाई व्यवहारमा प्रतिविम्बित गर्ने बताइन् । जनताले निर्वाचित गरेका प्रतिनिधिबाट मुलुकको शासन सञ्चालन हुनु लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष रहेको उनको भनाइ छ ।

राष्ट्रपति भण्डारीले जननिर्वाचित संविधानसभाद्वारा निर्मित नेपालको संविधानले सुनिश्चित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न आमनिर्वाचनको ऐतिहासिक महत्व रहेको बताएकी छन् । निष्पक्ष, भयरहित र स्वतन्त्र वातावरणमा नागरिकले मताधिकार प्रयोग गर्दै सम्पन्न हुने आमनिर्वाचनबाट लोकतान्त्रिक प्रणाली र संस्थाहरू क्रमशः जनउत्तरदायी हुँदै उनको विश्वास छ ।

राष्ट्रपति भण्डारीले आम निर्वाचनबाट शासन प्रणालीमा जनताले खोजेको सुशासन र पारदर्शीता स्थापित गर्न मद्दत पुग्ने जनाउँदै स्वस्थ र सबल लोकतन्त्रबाट नै शान्ति, स्थायित्व र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न सकिने बताएकी छन् ।

राष्ट्रपतिले आम निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरण कायम गरी सफल बनाउन निर्वाचन आयोग, सुरक्षा निकाय, राष्ट्रसेवक तथा सम्बद्ध सबैमा आह्वान गरेको छ ।


यस्तै प्रधानमन्त्री शेरबहादुर देउवाले पनि प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उत्साहपूर्वक सहभागिता जनाउन देशवासीलाई आह्वान गरेका छन् । मतदान गर्नु नागरिक अधिकारको उच्चतम् अभ्यास भएको बताउँदै प्रधानमन्त्री देउवाले निर्वाचनमा उत्साहपूर्वक सहभागिता जनाउन आह्वान गरेका हुन् ।

नेपालको संविधानले प्रत्याभूत गरेको जनताको प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणालीबमोजिमको दोस्रो आमनिर्वाचन आइतबार मंसिर ४ गते एकैचरणमा मुलुकभर हुँदैछ ।

मतदानका लागि मतपत्र र निर्वाचन सामग्रीसहित करिब दुई लाख ४६ हजार नौ सय ६० कर्मचारी एवं आवश्यकताअनुसारका सुरक्षाकर्मी मतदानस्थलमा खटिएका छन् ।

संविधानबमोजिम जनतामा निहीत सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, आवधिक निर्वाचन र संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आवश्यकपर्ने निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण तयारी पूरा भइसकेकाले निर्धक्क भएर विवेकको मत प्रदान गर्न निर्वाचन आयोगले आग्रह गरेको छ ।

# 'अशक्त मतदातालाई प्राथमिकता'











**काठमाडौं/मस–** देशभर एकै चरणमा आज हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा अशक्त मतदातालाई पहिलो प्राथमिकतामा राखिएको छ । अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक एवं अन्य फरक क्षमता भएका व्यक्तिलाई मतदानका लागि प्राथमिकताका साथ सहजीकरण गरिएको निर्वाचन आयोगले जनाएको छ ।

काठमाडौं क्षेत्र नं ६ का बालविद्यापीठ मतदान केन्द्रका मतदान अधिकृत रामकुमार पौडेल भन्छन्, 'मतदान केन्द्रभित्र आइसकेपछि अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायत अशक्तलाई लाइनमा नबसी पहिलो प्राथमिकताकामा राखेर मतदान गराउँछौं ।'

मतदानमा धेरैभन्दा धेरै मतदाताको उपस्थितिका लागि राजनीतिक दल र उम्मेदवारले सहजीकरणका लागि पहल गर्ने विश्वास गरिएको उनले बताए ।

मतदाता नामावली भएका सबै अपांगता भएका, ज्येष्ठ नागरिकलगायतका सम्पूर्ण नागरिकले मतदान गर्न पाउनु समान अधिकार भएको उल्लेख गर्दै मतदान अधिकृत पौडेलले सहजीकरणका लागि विभिन्न राजनीतिक दल र उम्मेदवारलगायतका समूहले सहजताका लागि सोहीअनुसारको व्यवस्था गरेको जानकारी दिए ।

सोही सन्दर्भमा प्रतिनिधिसभा सदस्य निवार्चन क्षेत्र नं १०, नेपाली कांग्रेसका उम्मेदवार, पूर्व युवा खेलकुदमन्त्री राजेन्द्रकुमार क्षेत्रीले अशक्त व्यक्तिहरूका लागि सहज व्यवस्था गरेको जानकारी दिए ।

'अपांगता भएका मतदाताकाको प्रकारअनुसार विलचिअर, गाडीको व्यवस्थासहित स्वंमसेवको टोली उहाँहरूको सहजताका लागि खटाएका छौं'उनले भने ।

नेकपा (एमाले) नेता तथा काठमाडौं निर्वाचन क्षेत्र नं ६(१)का उम्मेदवार निरेशलाल सिंह महर्जनले फरक क्षमता भएका व्यक्तिलाई मतदानमा सहजीकरणका व्यवस्था मिलाइएको बताए । निर्वाचन आयोगले मतदान केन्द्रमा अपांगता, ज्येष्ठ नागरिक, लगायतका अशक्त नागरिकलाई मैत्रीपूर्ण बनाउनसमेत निर्देशन दिइएको छ ।

# बाला चतुर्दशी मेलाको तयारी अन्तिम चरणमा



**काठमाडौं/मस–** पशुपति क्षेत्र विकास कोषले बाला चतुर्दशीको अवसरमा पशुपति क्षेत्रमा लाग्ने मेलाको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । यस वर्ष यही मंसिर ५ गते पशुपतिनाथमा बाला चतुर्दशी मेला लाग्ने कोषले जनाएको छ । प्रत्येक वर्ष मार्ग शीर्ष कृष्ण त्रयोदशीको बेलुकीदेखि पशुपति क्षेत्रमा यो मेला लाग्ने गर्छ । मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मुख्यदिन मतदानको दिन भएकाले अधिकांश तयारीका काम आजै गरिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए । यस वर्ष मंसिर ५ गते पशुपतिनाथलगायत देशभरका शिवालयमा दिवङ्गत पितृका नाममा बत्ती बालिन्छ । मंसिर ६ गते बिहान दिवङ्गत पितृको सद्गतिको कामना गर्दै पशुपति क्षेत्रको विशेषगरी मृगस्थलीमा शतबीज छरिन्छ । यसका लागि लाखौं भक्तजन पशुपति क्षेत्रमा आउने गर्छन् । चतुर्दशीको बिहान शतबीज छर्ने गरिन्छ ।

कोषले तयारीका लागि पशुपतिनाथको पूर्वी ढोकाअघिको बाग्मतीबाट पारि जान बाँसको अस्थायी पुल निर्माण गरेको छ । यसैगरी शतबीज मार्गमा बत्ती राख्ने काम भने ५ गते बिहानसम्म नै जारी रहने भएको छ । बत्ती राख्ने कामदारलाई पशुपति क्षेत्रमै राखिएको छ । ४ गते मतदान भएकाले आवतजावतमा समस्या हुने कारणले कामदारलाई पशुपति क्षेत्रमै राखेर तयारी गरिएको हो ।

कोषले पशुपति क्षेत्रमा पर्याप्तमात्रामा धारा र शौचालयको व्यवस्था पनि गर्ने भएको छ । पशुपति क्षेत्रका भष्मेश्वर, बोडेपाटी, बाहिरी पश्चिम ढोकाअघि र राममन्दिरमा धुनी जगाउने व्यवस्था गरेको छ । टेन्डर नभएर रोकिएको सबै दरबन्दीअनुसारको विशेष पूजा पनि आइतबारदेखि गर्ने तयारी भएको प्रवक्ता अधिकारीले सुनाए ।

यसअघि टेन्डर नभएको समयमा रु दुई हजार एक सय र रु तीन हजार एक सयको मात्र विशेष पूजा भएको थियो । पशुपतिनाथमा रु २५ लाखसम्म रसिद काटेर विशेष पूजा गर्ने व्यवस्था छ । ती सबै दरबन्दी अनुसारका पूजा आइतबारदेखि फेरि शुरु गर्न लागिएको हो ।

# घटे कारोना संक्रमित




**काठमाडौं/मस–** नेपालमा पछिल्लो केहि दिनयता कोरोना संक्रमितको संख्या निरन्तर घट्न थालेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ३ जना कोरोना संक्रमित थपिएका छन् । देशभर गरिएको ३२२ जनाको पीसीआर परीक्षणका क्रममा ३ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा १५ जना संक्रमित निको भएका छन् । यो सँगै देशभर निको हुनेको संख्या ९ लाख ८८ हजार ३९८ पुगेको छ । देशभर हाल ४३२ जना सक्रिय संक्रमित छन् ।

तनहुँमा आठ सय २३ जनामा डेंगु संक्रमण

तनहुँमा असोज र कात्तिक महिनामा आठ सय २३ जनामा डेंगु संक्रमण भएको पुष्टि भएको छ ।

डेंगु संक्रमण बढेसँगै निको हुनेको संख्या पनि बढ्दै गएका कारण अस्पतालमा भीड कम हुन थालेको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले जानकारी दिए । धेरैजसो डेंगु पोजेटिभका बिरामी आफ्नै घरमा बसेर आराम गरिरहेकाले पनि अस्पतालमा हुने भीडमा कमी आएको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय तनहुँमा कार्यरत ४० भन्दा बढी प्रहरीहरुमा पनि डेंगु संक्रमण भएको छ । कार्यालयमा प्रहरी जवानदेखि प्रहरी नायव निरीक्षक, प्रहरी निरीक्षक, प्रहरी नायव उपरीक्षकसम्मका व्यक्तिलाई डेंगु संक्रमण भएको प्रहरी नायव उपरीक्षक युवराज खड्काले जानकारी दिए ।

उनले भने, 'मलाई पनि डेंगु संक्रमण भयो, शरीर निकै दुख्ने रहेछ, संक्रमण भएप्छि १० दिन सुत्नुपर्‍यो तर अहिले निको भएको छ । अस्पतालमा दैनिक दुई सयको हाराहारीमा स्वास्थ्य परीक्षणका लागि मानिस आउने गरेको दमौली अस्पतालले जनाएको छ ।

डेंगुका बिरामीलाई प्रशस्त मात्रमा पानी पिउने र आराम गर्नसुझाव सल्लाह दिइएको अस्पतालका निमित्त प्रमुख डा.दिवस ढकालले बताउनुभयो । अस्पतालमा उपचारका लागि आउने बिरामीमध्ये दैनिक आठ/दश जनामा डेंगु पोजेटिभ देखिने गरेको डा.ढकालले जानकारी दिए ।

# निर्वाचनका लागि खटिएका दुई कर्मचारीको मृत्यु




**काठमाडौं/मस–** प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि खटिएका दुई कर्मचारीको मृत्यु भएको छ । सोलुखुम्बु जिल्लाको नेचासल्यान गाउँपालिका-४ स्थित फुर्के सामुदायिक वन उपभोक्ता समूह मतदान केन्द्रमा मतदान अधिकृतका रूपमा खटिएका सर्लाही हरिपुरूवा-६ का बिल्टु रायको शनिबार बिहान सुतिरहेको अवस्था र धनकुटा जिल्ला साँघुरीगढी-३ स्थित सिद्धेश्वरी आवासीय विद्यालय मतदान केन्द्रका सहायक कर्मचारीका रूपमा खटिएकी धनकुटा साँघुरीगढी-४ की पवित्रा लिम्बूको मंसिर २ गते बिरामी परी उपचारका क्रममा निधन भएको हो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले शनिबार शोक विज्ञप्ति जारी गरी दिवंगत कर्मचारीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेका छन् । साथै निर्वाचनमा खटिएका सबै कर्मचारी र सुरक्षाकर्मीको स्वास्थ्य सुरक्षा र व्यक्तिगत सुरक्षा प्रबन्धका लागि कुनै कसर बाँकी नराख्न आयोग नेपाल सरकार गृह मन्त्रालयमार्फत सम्बद्ध सबै निकायलाई आयोगले आग्रह गरेको छ ।

मापसेका गर्ने मतदान अधिकृत हटाइए

पश्चिम नवलपरासीमा मादक पदार्थ सेवन गरी आचरणविपरीतको काम गर्ने थप एक जना मतदान अधिकृतलाई जिम्मेवारीबाट हटाइएको छ ।

मतदान केन्द्रको तयारीमा खट्नुपर्नेमा बर्दघाट-१३ मा रहेको दुर्गा आधारभूत माविमा खटिएका मतदान अधिकृत श्याममणिप्रसाद मण्डल दिउँसो मादक पदार्थ सेवन गरी मतदान केन्द्रमा निदाएका थिए । उनलाई तत्काल जिम्मेवारीबाट हटाई आवश्यक कारबाहीका लागि प्रहरीले नियन्त्रणमा लिएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिए ।

मण्डल सहायक वन अधिकृत हुन् । उनको स्थानमा वैकल्पिक व्यवस्था गरी कर्मचारी खटाइएको छ । दुई दिन अगाडि निर्वाचन सामग्री बुझ्ने दिन पनि एक जना मतदान अधिकृत मादक पदार्थ सेवन गरी निर्वाचन अधिकारीसँग झगडा गर्न खोजेपछि जिम्मेवारीबाट हटाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

यस्तै, मदिरा सेवन गरेको आरोपमा कपिलवस्तुका एक मतदान अधिकृतलाई जिम्मेवारीबाट हटाइएको छ । जिल्लाको क्षेत्र नम्बर ३ (२) को कृष्णनगर नगरपालिका-४ मा रहेको गणेश आधारभूत विद्यालय बालानगर 'ख' केन्द्रका मतदान अधिकृत वेदप्रसाद पन्थीलाई जिम्मेवारीबाट हटाइएको हो । प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन निर्देशिका २०७९ को ८३ (१) अनुसार उनलाई जिम्मेवारीबाट हटाएर यमलाल न्यौपानेलाई मतदान अधिकृत पदमा नियुक्त गरी खटाइएको निर्वाचन अधिृकत प्रकाश मरासिनीले बताए । उनले निर्वाचनका लागि बुझेको रकम समेत फिर्ता गर्न निर्देशन गरिएको छ ।

# म्याग्दीका तामाखानी अलपत्र



**गलेश्वर/मस–** म्याग्दीका विभिन्न गाउँमा रहेका तामाखानी सञ्चालनमा ल्याउन नसक्दा अलपत्र अवस्थामा परेका छन् । म्याग्दीका विभिन्न १४ स्थानमा तामा, स्लेट, खरीलगायतका खानी, शिलाजित, अन्य बहुउपयोगी औषधि, वनस्पति उत्खनन्, प्रशोधन र पहिचानको अभावमा खेर गइरहेका छन् ।

तीमध्ये म्याग्दीको रघुगंगा गाउँपालिका-६ ठाडाखानी गाउँको शिरानमा रहेको विशाल तामाखानी पनि एक सय आठ वर्षदेखि अलपत्र अवस्थामा छ ।

ठाडाखानी गाउँको शिरानमा पर्ने रुमले भिरमा रहेको विशाल तामाखानी आजभन्दा १०८ वर्षअघि विसं १९७१ सालसम्म सञ्चालनमा आएको र त्यसपछि तत्कालिन सरकारले प्रतिवन्ध लगाएका कारण बन्द भएको थियो । उक्त खानी अहिलेसम्म पनि सञ्चालनमा ल्याउन सकेको छैन ।

तत्कालिन समयमा तामाखानी उत्खनन् गरेवापत सरकारलाई भेजा (कर) तिर्न नसकेका कारण खानी मौखिक आदेशमा बन्द गरिएको थियो ।

देशमा राजनीतिक परिवर्तन भई घरदैलोमा नै स्थानीय सरकारको पहुँच पुगेपछि पनि उक्त तामाखानी सञ्चालनमा ल्याउन कुनै पहल नगरिएको ठाडाखानीका युवागिरी छन्त्यालले बताए ।

उनले भने, 'राजनीतिक परिवर्तनपछि गाउँ जनप्रतिनिधि आएपछि गाउँघरका जनताले आफ्ना गाउँका स्रोत साधन र सम्पदाको प्रयोग गरी मनग्गे आम्दानी गर्न सक्ने आशा राखेका थिए, तर चार वर्ष बित्यो केही पनि भएन ।'

तामाखानी वर्षौंदेखि अलपत्र अवस्थामा रहँदा पनि स्थानीय सरकारले कुनै पहल नगरेको उनले बताए । उनले भने, 'हामीले स्थानीय सरकारबाट धेरै आशा गरेका थियौं, तामाखानी सञ्चालन, मालिकाको धुरीसम्म मोटर बाटोको पहुँच, केन्द्रीय प्रसारणलाइनको विजुलीलगायतका धेरै सुविधा पाइन्छ कि भन्ने लागेको थियो । तर चारवर्ष वितिसक्दा पनि मालिकाको धुरीसम्म मोटरबाटो खन्नका लागि वडा कार्यालयले १० लाख रुपैयाँ विनियोजन गर्नुबाहेक अरु कामको बारेमाकुनै पहल भएको छैन ।'

ठाडाखानी छन्त्याल र विकहरुको बसोबास रहेको बस्ती हो । यहाँ रहेका ७५ परिवार छन्त्याल र १० परिवार विकका पुर्खा रुमले भीरको तामा खनेर बिक्री तथा खाद्यान्नसँग विनिमय गरी जीवनयापन गर्ने गर्दथे । तर तत्कालिन सरकारले अत्यधिक भेजा (कर) लिन थालेपछि तामाखानी बन्द गरेर अन्य वैकल्पिक पेसा अंगाल्नु परेको रघुगंगा गाउँपालिका-६ का पूर्व वडा सदस्यसमेत रहनुभएको टेकजीत छन्त्यालको भनाइ छ ।

रुमले भीरमा पाँच वटा सुरुङ छन् । सुरुङको प्रवेशद्वारबाट दुई मिटरभित्र छिर्ने हो भने तामाका विशाल घाउ देख्न सकिन्छ । यहाँको तामाखानी सञ्चालनमा आउने हो भने वार्षिक करोडौं रकम राजस्व आम्दानी हुनुका साथै स्थानीयले दीर्घकालीन रोजगारी पाउने बलियो सम्भावना रहेको स्थानीयवासीको भनाइ छ ।

# ट्यांकरको ठक्करबाट बालकको मृत्यु




**काठमाडौं/मस–**चाँगुनारायण नगरपालिका-३ झौखेलबाट भक्तपुर नगरपालिकातर्फ आउँदै गरेको बा ५ ख ९१४२ नं को पानी ट्यांकरले भक्तपुर नगरपालिका-२ ब्यासी कासन पुल नजिक सडकमा ठक्कर दिँदा एक बालकको मृत्यु भएको छ । शनिबार सडकमा खेलिरहेको बालकलाई पानी ट्यांकरले ठक्कर दिई घाइते भएका रामेछाप सुनापाती गाउँपालिका-४ घर भई हाल ब्यासीमा बस्ने रबिन्द्र तामाङको छोरा सात वर्षीय विवेश तामाङको भक्तपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिए ।

प्रहरीले बालकलाई ठक्कर दिने ट्यांकरका चालक भक्तपुर नगरपालिका-९ कमलबिनायक बस्ने सिताराम पक्का नेवारलाई पक्राउ गरी आवश्यक अनुसन्धान गरिरहेको उनले बताए ।

# भ्रामक समाचारप्रति काउन्सिलको ध्यानाकर्षण




**काठमाडौं/मस–** प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई प्रभावित पार्ने गरी सामाजिक सञ्जालबाट अफवाहपूर्ण सूचना सम्प्रेसित भएकोप्रति प्रेस काउन्सिल नेपालले ध्यानाकर्षण भएको जनाएको छ ।

काउन्सिलले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै सामाजिक सञ्जालबाट प्रेसित सूचना भ्रामक रहेकाले सजग रहनसमेत अपिल गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'स्थिर अवधिमा केही सञ्चारमाध्यमको 'मास्टहेड' प्रयोग गरी राजनीतिक दल तथा उम्मेदवारका बारेमा अफवाहपूर्ण, दुष्प्रचारयुक्त, गलत एवं भ्रामक समाचार बनाई सामाजिक सञ्जालबाट सम्प्रेषण भएकोप्रति प्रेस काउन्सिल नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।'

त्यस्ता समाचार सामग्रीका सम्बन्धमा सम्बन्धित मिडियासँग जानकारी माग गर्दा ती शीर्षकमा त्यस किसिमका कुनै समाचार सम्प्रेषण नगरेको, त्यो 'फेक न्युज' रहेको र कतिपय सञ्चारमाध्यमले आफ्नो सामाजिक सञ्जालबाट त्यसबारे प्रस्ट्याइसकेको काउन्सिलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

शनिकार दिउँसोबाट विभिन्न सञ्चारमाध्यमका मास्टहेड प्रयोग गरी निर्वाचनलाई प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा अफवाहपूर्ण र दुष्प्रचारयुक्त 'स्क्रिनसट' सम्प्रेषित भएका थिए । त्यस्ता सामग्रीबाट सजग रहनसमेत प्रेस काउन्सिलले अपिल गरेको छ । स्थिर समयमा सामाजिक सञ्जालबाट दुष्प्रचारयुक्त र अफवाहपूर्ण सामग्री सम्प्रेषण भएमा विद्युतीय अपराधसम्बन्धी कानुन आकर्षित हुने पनि काउन्सिलले जनाएको छ ।

## सम्पादकीय

### निर्भय मतदान, जनादेशको सम्मान

अन्ततः पाँच वर्ष अगाडि दिइएको जनादेश आज नवीकरण हुँदैछ । २०७४ मंसिर १० र २१ गतेगरी दुई चरणमा आमनिर्वाचन सम्पन्न भएको थियो । एकसाथ सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनले बितेको पाँच वर्ष मुलुकको राजनीति चल्यो । आजको मतदानपछि मुलुकको राजनीतिक कोर्सले नयाँ आधार पाउनेछ । आज प्रकट हुने मतकै आधारमा नयाँ सरकार बन्नेछ । संसदीय भूमिका तय हुनेछ । २०७४ को निर्वाचनबाट वाम गठबन्धन अनुमोदित भएको थियो । संघीय संसदमा झण्डै दुई तिहाइ र सात मध्ये ६ प्रदेशमा अत्याधिक बहुमत पाएको थियो । मधेश प्रदेशमा मधेश केन्द्रीत दलहरूले जनादेश पाउँदा नेपाली कांग्रेस र वाम गठबन्धन विपक्षी भूमिकामा थियो । सिंगो राष्ट्रिय राजनीतिमा नेपाली कांग्रेसले प्रमुख प्रतिपक्षी भूमिकामा बस्ने जनादेश पाएको थियो ।

आज हुने मतदानले आगामी पाँच वर्ष कसरी चल्नेछ भन्ने तय हुनेछ । त्यसका लागि दुई ठूला गठबन्धन बनेको छ । एउटा गठबन्धनको नेतृत्व कांग्रेसले गरेको छ भने अर्को गठबन्धनको नेतृत्व नेकपा एमालेले गरेको छ । कांग्रेस गठबन्धनमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र राष्ट्रिय जनमोर्चा छ । एमाले गठबन्धनमा जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राप्रपा नेपाल, नेपाल परिवार दल लगायत छन् । यसबाहेक साना दलहरू पनि चुनावी प्रतिस्पर्धामा छन् । कतिपय नयाँ राजनीतिक दल र थुप्रै स्वतन्त्र उम्मेदवारी परेको छ । प्रतिनिधिसभातर्फ २,४१२ र प्रदेशसभातर्फ ३२२४ जनाले उम्मेद्वारी दिएका छन् । तिनै मध्येबाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १६५ र प्रदेशसभातर्फ ३३० जना निर्वाचित हुनेछन् ।

दलगत भन्दा धेरै स्वतन्त्र उम्मेद्वारी यसपटक देखिएका छन् । यिनै उम्मेद्वारहरूबाट अनुमादित हुने प्रतिनिधिहरूको समीकरणकै आधारमा आगामी राजनीतिक मार्ग कोरिनेछ । कुन उम्मेद्वारले जित्नेछन् र कस्तो राजनीतिक समीकरण बन्नेछ भन्ने निर्धारण आजको मतदानले गर्नेछ । मतदाता पनि मतदानका लागि तयार भइसकेका छन् । अतः सामुन्ने दुई वटा आम कार्यभार छन् । पहिलो, मतदानका लागि मतदातालाई सहज बातावरणको निर्माण गर्ने र दोस्रो, जनादेशको सम्मान गर्ने । किनकि यसअघि मतदानकै दिन पनि निर्वाचन आचारसंहिताअनुसार काम हुन नसकेको र मतदानपछि जनादेश बिपरीत राजनीतिक नेतृत्व चलेको आलोचना हुने गरेको छ । जसलाई अन्त्य गर्नु मुलुककै हितमा हुनेछ ।

# चुनाव र दलका प्रतिबद्धता

अग्रलेख



● - विवेक शर्मा

अघिल्लो चुनावमा भन्दा केही फरकपन यस पटक मतदाताहरुलाई देख्न मिलिरहेको छ । यस पटक केही कुरा फरक भए पनि बिडम्बना पटक-पटक परिक्षण भएका र असफल भएका नेताहरु र तिनका एजेण्डाहरु पनि मतदाताहरु देख्न र सुन्न पाइरहेका छन् । मतदाताहरु भने यस पटक केही नयाँ प्रयोग गर्ने प्रयासमा भन्ने लागेको देखिन्छ । मतदाताले परिवर्तन खोजिरहेका छन्, जसले गर्दा देशका विभिन्न ठाउँबाट सदनमा नयाँ अनुहार जाने सम्भावना पनि उत्तिकै छ । मतदाताले यसपटक खोक्रा घोषणापत्र होइन यथार्थमा प्रतिबद्धता खोजेका छन् । जसको प्रभाव पनि चुनावी परिणामबाट देखिने निश्चित छ ।

विभिन्न पार्टीका चुनावी संकल्प पत्र, घोषणा पत्र, बाचा पत्र आदी ईत्यादि नाम गरेको चुनावी एजेण्डाहरुको संग्रह अध्ययन गर्दा, धेरैजसोले जनता लोभ्याउने खालको तर, यथार्थमा धेरै अलमल्याउने खालको जुन मतदाताहरुको लागि चुनावी 'ललिपप' मात्रै जस्तो देखियो । जुन ललिपप मात्र हुन् भन्ने धेरै मतदाताहरुको ठम्याई रहेको छ । मूलधारका राजनीतिक दलका घोषणापत्र मूलतः यसअघि जस्तै र कल्पनामा आधारित देखिन्छन् । पुरानै शैलीमा तयार पारिएको दस्ताबेज भन्दा फरक पर्दैनन् । बिना योजनाको चुनावी प्रतिबद्धता एउटा किताबको कथा सङ्ग्रह जस्तै बन्ने मात्र हो, जुन पहिला पनि थियो र अहिले पनि हुने छन् । त्यसभित्रका मुद्दाहरुमा काम हुन सक्ने विश्वास छैन ।


जनताहरुलाई ठूला-ठूला सपना हैन उनीहरुको आलीदेखि थालीसम्मको समस्या कसरी समाधान हुन्छ ? उनीहरुको दैनिकी कार्यमा कसरी सजिलोपना हुन सक्छ ? कम समयमा बढी सेवा लिन सक्ने प्रणाली कसरी पाउने ? आज जनताको प्रश्न यहीँ छ । जसबाट एक साधारण जनतादेखि भिआईपीसम्मको लागि समानता प्रदान गर्न सक्ने राज्य प्रणाली चाहिएको छ । जनताहरुको लागि ठूला-ठूला सपना देखाउने हैन, उनीहरुको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने काम मात्रै भए पनि देश बन्छ । राज्यले जनताहरुलाई आशे होइन जिम्मेवार बनाउनु पर्छ तर, यहाँ भने हरेक चुनावमा जनताहरुलाई आशे मात्र बनाउने काम भएको छ । फलस्वरूप देश विकास हुन सकेन । सिंगापुरले यति चाँडै विकास गर्न सक्नुको पछाडिको कारण के हो भन्ने कसैले सोध्यो भने त्यसको उत्तर हुन्छ, त्यहाँको सरकारले आम सिंगापुरेहरूको मानसिकता बुझेर नीति बनाउनु र त्यसको कडाइका साथ पालना गर्नु । तर, यहाँ आधारलाई वेवास्ता गरेर आकाशलाई हेर्दै चुनावी एजेण्डा बनाइन्छ, अनि लागु हुँदैन । राजनीतिक दलले आधार नटेक्दा आज उनीहरुका घोषणापत्र तथा प्रतिबद्धता पत्रमाथि प्रश्नहरु उठेका छन् । केही मुद्दा जसलाई दलहरुले समेट्न सकेनन् वा समेटन् चासो नै दिएनन् । यहाँ केही त्यस्ता दलहरुले छुटाएका मुद्दाबारे चर्चा गरिएको छ ।

#### परेनन् शिक्षकका मुद्दा

शिक्षक एउटा मैनबत्ती जस्तै हुन, जस्ले आफु जलेर पनि वरिपरि उज्यालो दिरहेका हुन्छन् । तर, बिडम्बना हाम्रो देशमा शिक्षकलाई नै राज्यले हेपेको देखिन्छ । अहिले सबैजसो पार्टी र स्वतन्त्र उम्मेदवारको पनि घोषणापत्र पढ्दा एजेण्डामा शिक्षाको मुद्दा राखेको देख्न पाइन्न । जसले देशको विकासलाई गति प्रदान गर्दछ, जस्ले देशमा दक्ष जनशक्ति उत्पादन गराउछन्, जस्ले देशको एक जिम्मेवार नागरिकदेखि डक्टर, ईन्जिनियर, पाइलट, मन्त्री, प्रधानमन्त्रीसम्मकोलाई शिक्षा प्रदान गरिछ, उसलाई नै राज्यले तलब भत्ता र मर्यादामा पनि कमी राख्नु भनेको लाजमर्दो कुरा अरु केही पनि होइन । त्यसैले शिक्षकलाई सांसद सरहको तलबभत्ता र मन्त्री सरहको मर्यादा क्रम राखेमा देशले विकास गर्छ । तर, यो मुद्दा कसैको प्राथमिकतामा पर्न सकेन ।

#### बन्द उद्योग सञ्चालन गर्ने मुद्दा ओझेलमा

चुनावी एजेण्डामा उद्यमशीलताको कुरा उठाए पनि यो देशबासीलाई कसरी उद्यमशील भनाउने भन्ने कुरा देखिएन । सबैलाई सबैभन्दा बढी चासो लागेको विषय पहिला सञ्चालनमा रहेको ठूला-ठूल्ला कल कारखानाको मुद्दा किन उठाइएन ? मधेस प्रदेशमा रहेको श्री राम सुगर मिल गरुडा, जनकपुर चुरोट कारखाना, जुट मिल, वीरगञ्जमा रहेको चिनि मिल जस्ता अन्य




*दलहरूको चुनावी एजेण्डाहरूको अध्ययन गर्दा, धेरैजसोले जनता लोभ्याउने खालको तर, यथार्थमा धेरै अलमल्याउने खालको मतदाताहरूको लागि चुनावी 'ललिपप' मात्रै बाँडेको देखियो । मूलधारका राजनीतिक दलका घोषणापत्र मूलतः यसअघि जस्तै र कल्पनामा आधारित देखिए । आधार नटेकोको घोषणापत्रबाट जनताले के विश्वास गर्ने ?*

कयौं बन्द रहेको कारखानाहरु खुलाउने र फेरि पनि स्वादेशमै रोजगारी हब बनाउने एजेण्डा किन दल तथा उम्मेदवारहरुको प्राथमिकतामा परेन ? के सधैं नेपाली दाजुभाई, दिदिबहिनीहरुलाई रोजगारका लागि खाडी पठाएर मुलुकको विकास हुन्छ ? हाम्रो देशको सक्षम युवाहरुले खाडी बनाइसके तर, हाम्रो देश बनाउने वातावरण बनेन । आखिर कहिलेसम्म देशका युवाहरुलाई यसरी विदेश नै जान बाध्य पार्ने ?

देशका ठूला-ठूला पार्टीका नेताहरुले भोट माग्ने बेलामा कसैले युवाहरुलाई 'फ्री टिकेट र फ्री भिषा'मा विदेश पठाई दिने नाममा भोट माग्दैछन् भने कसैले हेलिकप्टरमा आउन सक्ने नेतालाई भोट दिनुस् भनेर भनेका छन् । यी सब कुरा गज्जबको लाग्छ । यि र यस्ता कुराहरु सुन्दा मतदाताहरु दिक्क नै भएको देखिन्छ । चुनाव प्रचारप्रसारको नाम निर्वाचन आयोगले सीमा निर्धारण गरेको मापदण्डभन्दा कयौं गुणा बढी रकम खर्च गर्छन् तर, जनताको जीवनसँग सरोकार राख्ने मुद्दाहरु याद नै हुँदैन ।

#### सीमानाकाबारे मुद्दा ओझेलमा

पंक्तिकार आफैं पनि भारतको सिमाना रहेकै रौतहट जिल्लाको एक गाउँमा बस्दछ । पंक्तिकारको गाउँबाट बोर्डर २५ किलोमिटर मात्रै छ । पक्तिकारले देखे र भोगेको कुरा यहाँ पस्किएको छ ।

सिमाना पारीको भारतको बजार बैरगनिया, घोडासहान जस्ता सानो नाका भएको बजारहरु पर्दछन् । त्यहाँ दिनको कम्तिमा पनि एक नाकाबाट २० हजारभन्दा बढी मानिसहरु आफ्नो खुद्रा समानहरु किन्न जान्छन् । मानौं सरदरमा एक व्यक्तिले कमसे कम तीन हजार भारु रूपैयाँको समान किन्छन् भने एउटा सानो नाकाबाट कम्तीमा दिनको करिब सरदर ६ करोड रूपैयाँको सामान किन्दछन् । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म यस्ता हजारौं साना नाका होलान्, यदि ति नाकाहरुबाट जाने पैसाको हिसाब गर्‍यौं भन्ने दिनको लगभग ६ अर्ब रूपैयाँ हामी दैनिकी सानो-सानो समानहरु किन्नको लागि भारत सरकारलाई तिर्दै आएका छौं । यदि ठूला भन्सारहरु वीरगञ्ज, विराटनगर जस्ता मुख्य नाकाको कुरा गर्‍यौं भन्ने अझै कति ठूलो रकम हुन्छ भने यहाँबाट अनुमान गर्न सकिन्छ । तर, त्यसमा कुनै नेताको ध्यान जान सकेन किन भने त्यो उनीहरुको नजरमा सानो काम होला र भारतलाई पनि रिझाउने काम होला । तर, म यस्ता कुराहरुमा ध्यान जानुपर्छ । यसलाई व्यवस्थित बनाउन सके सिङ्गो देशकै अर्थतन्त्रमा ठूलो राहत मिल्नेछ ।

यदि आउने कुनै सरकारले नेपाल र भारतको सिमाना पूर्णरूपमा बन्द गरियो भन्ने त्यसले हाम्रो आर्थिक पाटो मजबुत त पार्ने नै छ अनि सुरक्षाको दृष्टिकोणले पनि नेपाल एक सुरक्षित र आत्मनिर्भर बन्न पुग्छ । यो कुरा आज यहाँ भन्दै गर्दा तपाईंहरुको मनमा विभिन्न किसिमको कुराहरु उब्जिएको होला तर, यसो गर्दा हाम्रो देश नेपाल एक विकसित राष्ट्र बन्न कसैले रोक्न सक्दैन । मलाई यो कुरा पनि थाहा छ कि भारतसँगको खुला सिमाना बन्द गरिदियो भन्ने नेपालमा विभिन्न किसिमको हाहाकार आउन सक्छ । जस्तैः भोकमरी, गरिबी, ईत्यादि ईत्यादि तर, त्यो केही दिनको लागि मात्र हुन सक्छ । पछि गएर हामी पनि चीन जस्तै विकसित, स्वालम्बी र आत्मनिर्भर हुन सक्छौं । अब यहाँ फेरि पनि प्रश्न आउँछ कसरी ? भारतसँगको नाका बन्द हुने बित्तिकै हामीलाई नुनदेखि सुनसम्मको हरेक समानहरु नेपालमै उत्पादन गर्नुपर्ने बाध्यता आउछ र त्यो हामी गर्छौं । एउटा भनाई छ नि मर्नेले के गर्दैन, त्यसैले हामी हरेक परिपुर्तिका कुराहरु यही नेपालमै उत्पादन गरी नेपाली बजारमा पुर्‍याउने र बढी भएकोलाई अन्य देशमा पनि निर्यात गर्नसक्छौं । सबैभन्दा पहिले हाम्रो देशको अर्थतन्त्र सुधार्ने काम गर्नुपर्छ र अर्थतन्त्र सुधार गर्नको लागि नेपालसँग त्यस्तो धेरै अपार र प्रचुर सम्भावनाहरु पनि रहेको छ, मात्र त्यसलाई उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

#### ध्यान पुगेन बालबालिकाको मुद्दामा

बालबालिका देशका कर्णधार हुन् । हरेक बालबालिकाहरुलाई गास, बास, कपास, गुणस्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता अधिकारको सुनिश्चित गर्नुपर्ने राज्यको दायित्व हो । यस्ता कुरा बालबालिकाको नैसर्गिक अधिकार पनि जुन अधिकार सबै बालबालिकाहरुले पाउन सकेका छैनन् । अझ त्यस्ता बालबालिका जसको कोही छैन, उसलाई गास, बास, कपास, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा दिने अवस्था छैन । काठमाडौंदेखि देशको ठूला साना सहरहरु होस् या गाउँ त्यहाँको सडकको पेटि होस् या होटेल या चिम्नी भट्ट्टा त्यहाँ बालबालिकाहरुले पढ्ने समयमा होटेल, चिम्नीमा काम गर्छन्, या त गाउँ र सहरमा मागेर आफ्नो दैनिकी चलाइरहेको हुन्छ । त्यस्तो बालबालिकाहरुलाई वास्तविक सर्वे सर्वेक्षण गरेर उचित बासको व्यवस्थापन गर्न सकिन्छ । हरेक ठूला सहरहरुमा र ग्रामीण स्तरमा जिल्लामा एउटा त्यस्तो बालबालिकाहरुको लागि बासको व्यवस्थापनसहित शिक्षा, स्वास्थ्य र सुरक्षा पनि प्रदान गर्न सकिन्छ । तर, त्यस्तो मुद्दा कुनै पार्टी वा उम्मेदवारले आफ्नो घोषणा पत्रमा उल्लेख गरेको भेटिएन ।

*(लेखक शर्मा सामाजिक अभियन्ता हुन् ।)*

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

निर्वाचनमा हारजित हुनु लोकतान्त्रिक प्रक्रिया हो । उम्मेदवारको मात्रै जीत नहोस् जनताको जनमतलाई कदर गरिने उम्मेदवारको जित होस् । उहीँ संसदको हत्या गराउने, व्यवस्थालाई अपहरण गर्ने, जनताको अधिकारलाई हरण गरिने, भ्रम फैलाउने, संसदमा बिजनेस नदिने उम्मेदवार जिताउनु भूल मात्रै नभई आत्महत्या गर्नु हो ।



**- ओमकुमार थापा**

जनसंख्या बढिरहेको छ । खाने मुखहरू बढ्दैछन् । उर्वर भूमिहरू सकिंदैछन् । गरिबीको मारमा पर्ने जमात बढिरहेको नै छ । काम गर्ने संख्या घट्दैछ । तर राजनीतिक पार्टीहरूको ध्यान यी कुराहरू भन्दा पनि कसरी सत्ता प्राप्त गर्ने र सात पुस्तालाई पुग्ने गरी कमाउने भन्नेमै केन्द्रीत छ । मत हाल्नु अघि सोचौं ।



**- नवराज पन्त**

अहिले काठमाडौंबाट १० लाख जनता भोट हाल्न गाउँतर्फ गएका छन्, जाउआउ गर्दा औषत रू. १० हजार खर्च गरेता पनि कुलमा रू. १० अर्ब खर्च हुन्छ भने त्योभन्दा अझ बढी सहर बाहिर बस्नेले पनि खर्च गर्छन् । जनताको निजी खर्च मात्र रू. २० अर्ब बढी छ । नेता चुन्न जनताले गरेको खर्चमा खेल्ने नेता धेरै भए । कसले बुझ्ने यो यथार्थ ?



**- भिमार्जुन आचार्य**

संविधान जारी भएपछि को यो पहिलो आवधिक निर्वाचन हो । संविधानको प्रयोगको हिसाबले यसलाई महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ । निर्वाचन रमाईलो उत्सवभन्दा पनि एक प्रकारको गम्भिर जनमतसंग्रह हो । अतः यसलाई गम्भिरतापूर्वक लिँदै मत खसालौं । निर्वाचनको पूर्ण सफलताको कामना !



**- चन्द्र श्रेष्ठ**

विधिवतरूपमा उमेदवारहरूले हात जोर्दै घरदैलोमा आउने दिनको अन्त्यसँगै हाम्रो अमुल्य मत त्यस्ता उम्मेदवारलाई जुट्न सकोस्, जसले माटोको मूल्य र मान्यतालाई हेक्का राख्दै नागरिकका स्वास्थ्य, शिक्षा एवम् रोजगारीलाई प्राथमिकता दिन सकोस् । तर, खोला तरेर लौरो बिर्सने नपरोस् ।

# चुनावबाट परिवर्तनको अपेक्षा

विचार



● सुरेश भट्ट

देश अहिले राजनीतिकरूपमा निर्णायक मोडमा पुगेको छ । चुनावी माहोलले कोही अताल्लिएका छन् भने म जस्ता प्रदेशमा बस्नेलाई चुनावको नतिजा के आउला भन्ने उत्सुकता र चिन्ता भरिएको छ । यसपाली हुने निर्वाचनमा मतदाताले गैरपरम्परागत राजनीतिक शैलीमा सशक्त हस्तक्षेप गरेनन्, मन र मत दुवै परिवर्तन गरेनन् भने जनताले युग परिवर्तनको अपेक्षा नगर्दा हुन्छ । लेखकलाई चुनावबाट पुनः घटनाको पुनरावृत्ति त हुँदैन भनेर अत्यास लागेको छ । पाँच वर्ष पर्खेर, अबको ताजा जनादेशबाट संसदीय निर्वाचनमार्फत नेपाली जनताले पाउने 'नयाँ' प्रधानमन्त्री पटक-पटक परिक्षण भएका र असफल मानिएका मध्येका हुन्छन् कि भन्ने चिन्ता छ । त्यस्तो नतिजाको मतलब जनताले परिवर्तन नचाहेको भन्ने पनि हुन्छ ।

विश्वप्रसिद्ध राजनेता नेल्सन मण्डेला भन्ने गर्दथे- युवालाई काम र वृद्धलाई आराम । यो भनाइकै अनुशरण गरेर उनले एक कार्यकाल मात्र शासन गरे र दोस्रो कार्यकालका लागि उनले आफ्ना अनुज थाबो एम्बेकीलाई निसर्तः र शान्तिपूर्ण सत्ता हस्तान्तरण गरेका थिए । तर, नेपाली राजनीतिमा यी कुराहरू भाषणमा भन्ने कुरामा मात्र सिमितता रह्यो । नेतृत्व भनेको हस्तान्तरण गर्दै जाने र उत्पादन गरिँदै पनि जाने अवसर हो । भनिन्छ, गाह्रो र अप्ठ्यारो अवस्थामा नेतृत्वको जन्म हुन्छ । नेपाल अहिले त्यही राजनीतिक गाह्रो अवस्थामा पुगेको निष्कर्ष आम नागरिकहरूले निकालीरहेका छन् । दुःखको कुरा हामी नेपालीहरूको स्मरणशक्ति क्षणभंगुर भएकाले गर्दा हो, वा हामीहरुको पार्टी मोहले गर्दा हो हिजोदेखिका शासनसत्ताको बागडोर सम्हाल्ने परम्परागत नेताहरूलाई आराम दिने अवसर पाए पनि त्यो अवसर चुकाउदैछन् ।

युवाहरुले सजिलै सत्ता सञ्चालन गर्न सक्छन् र जटिल अवस्थामा पुगेको देश र जनतालाई बचाउने युवा नेता नै राजनेताको कोटीमा पर्दछन् भन्नेकुरा हामीलाई भनिराख्न पर्दैन । नेपाली राजनीतिमा यी विशेषताले सुशोभित नेताहरू समय समयमा जन्मेका देखिन्छन् । अहिले यो अत्यन्तै धेरै संख्यामा बढोत्तरी भएको पाइन्छ । तर, हाम्रो ब्रह्माच्क्षुले केवल दलीय दासी बन्न प्रेरित गर्दोरहेछ । एक महान् दार्शनिक तथा मनोवैज्ञानिक फ्रेडरिक नित्सेले आफ्नो 'प्रिन्सिपल अफ मोरालिटी' अर्थात् नैतिकताको सिद्धान्तमा मानिसको मानसिकताका आधारमा उनीहरुलाई दुई समूहमा विभाजन गरेका छन् । नैतिकताको सिद्धान्तमा विभक्त भएका दुई खेमा हुन्, जिनियस र हर्ड अर्थात् प्रतिभावान र भीड । उनले यी दुई खेमालाई फेरि दुई-दुई भागमा विभाजित गरेका छन् । जिनियसलाई क्रियटिभ हिडनमा र हर्डलाई लास्ट म्यान र स्लेभमा राखेका छन् । हाम्रो नेपाली राजनीति फ्रेडरिक नित्सेले भनेझैं प्रतिभावान क्रियटिभ र भिड लास्ट म्यान स्लेभमा विभक्त छ । केही दशकदेखि नेपालको राजनीति भीड लास्ट म्यान स्लेभले नेतृत्व गर्दै आईरहेको छ । जस्ले देश र राजनीतिलाई लोकतन्त्रमा भन्दा भिडतन्त्रमा विश्वास गर्नुपर्ने बाध्यकारी परिस्थितिको निर्माण गरेको छ । यो समूह न प्रतिभावान् हुन्छ न उत्पादनशील । यो समूह न आफ्नो भलो सोच्छ न समाजकै । आफ्नो र समाजको भलो नसोच्नेमात्र होइन, यो समूह 'कम्फर्ट जोन' बाट बाहिर आएर काम गर्न चाहँदैनन् । जे-जति गर्छन्, त्यसैलाई अन्तिम र सर्वोत्कृष्ट मानेर रमाउँछन् । यिनीहरु कहिल्यै नयाँ-नयाँ कुरा सिक्ने-जान्ने चेष्टा गर्दैनन् । एकदमै अल्छी प्रवृत्तिका हुन्छन् तर, यस्ता प्रकारका नेता, नेतृत्व सभा समारोहमा खोक्रो आडम्बरीको लोकप्रियतामा रमाइरहन मन पराउँछन्, यिनै सोच भएका नेताहरू अहिले देश र राजनीतिको केन्द्रमा छन् ।

*देश र नागरिकहरूले रोज्ने नेतृत्वहरू खासगरी आफ्नो घोषणापत्रप्रति प्रतिबद्ध, नागरिकप्रति इमानदार, आफूमा प्रतिभावान् र देशप्रति बफादार हुनुपर्छ । उनीहरूको प्रयास सधैं समाजलाई हिजोभन्दा आज र आजभन्दा भोलि राम्रो बनाउने हुनुपर्छ । पटक-पटक परिक्षण भएका असफल पात्र जनताले खोजेका छैनन् ।*

मंसिर ४ मा देश र नागरिकहरूले रोज्ने नेतृत्वहरु खासगरी आफ्नो घोषणापत्रप्रति प्रतिबद्ध, नागरिकप्रति इमानदार, आफूमा प्रतिभावान् र देशप्रति बफादार हुनुपर्छ । उनीहरुको प्रयास सधैं समाजलाई हिजोभन्दा आज र आजभन्दा भोलि राम्रो बनाउने हुनुपर्छ । समाजलाई आफ्नो सिर्जना र सीपमार्फत सही बाटोमा डोर्‍याउन उनीहरु हरपल प्रयासरत हुने मूल्यमान्यताको लागि सुसंस्कृत राजनीति गर्ने यस्तो राजनीति जहाँ व्यक्तिको होइन, विधिको शासन लागु गर्ने । जहाँ पात्र र प्रवृत्ति दुवै सफा हुन्छ । उपभोक्तावादी चिन्तन बोकेर देश लुट्ने सपना देखेका पुराना नेताहरूहरूबाट राष्ट्रले केही प्राप्त गर्न नसक्ने हुँदा अब बदलिएको देशको अवस्थालाई बुझेर युवा जनशक्तिलाई उद्यमशीलता तर्क डोर्‍याउने, समाज र राष्ट्रकै सामाजिक, आर्थिक एवम् सांस्कृतिक रूपान्तरणका लागि मात्र नभई शोषण, अन्याय, अत्याचार र दमनबाट ग्रसित समाजलाई उज्यालो मुहारमा बदल्न सक्ने सार्मथ्य भएको हुनुपर्छ । युवाहरू समाजका लागि उदाहरणीय र अनुकरणीय हुनुपर्छ । युवा नेतृत्वले बोल्ने भाषा अरूका लागि मार्गदर्शन गर्न लायक हुनुपर्छ । युवाहरूले २१औं शताब्दीमा बोल्ने बचन भोलिको दर्शन हुनुपर्छ ।

नेपालको विकासको आधारशीला भनेको कृषि, जलस्रोत र पर्या-पर्यटनलाई लिइन्छ । अबको युवा नेतृत्वहरूले सदनमा पुगेर यी क्षेत्रका अध्ययनका लागि सिक्ने र सिकाउने पाठशाला खोल्नका लागि नीति निर्माणमा किमार्थ ढिलो गर्नु हुँदैन । जलस्रोतको सम्भावना बोकेको हाम्रो मुलुकमा युवा जनशक्तिलाई विदेश पलायन हुन रोक्न हाइड्रोपावर विश्वविद्यालय र पर्यटन विश्वविद्यालय सदनका अन्य सदस्यहरूसँग लविंग गरेर दस्तावेज पारित गर्ने सामर्थ्य युवा नेतृत्वमा हुनूपर्छ ।

नेपाली युवा विद्यार्थीहरू अनुसन्धानमा आधारित विश्वका विभिन्न देश गइराखेका छन्, जसले गर्दा नेपालको ठूलो पूँजी विदेश पलायन भएको छ । तत्काल यी विद्यार्थीहरूलाई हाम्रै विश्वविद्यालयमा फर्काउनका लागि हाम्रा अनुसन्धान केन्द्रहरूमा ठूलो सुधार गर्नुका साथै पर्याप्त बजेट विनियोजन गर्न बाध्यकारी अवस्थाको सिर्जना गर्नुपर्छ । शक्तिमा पुगेका व्यक्तिको जीवनशैली बदल्ने तर, देशको र नागरिकको अवस्था जिउँका तिउँ रहने परिस्थिति कमसेकम अब बन्न हुँदैन । त्यसका लागि यी गुणले भरिपूर्ण हुनु आवश्यक छ ।

१) **पद्धति** – सदनलाई व्यक्तिले होइन सिस्टमले चलाउने हुनुपर्छ । व्यक्ति गौण र विधिद्वारा चल्ने शाशन गर्ने र शासित हुने प्रणालीलाई अबको सदनमा पुग्ने युवाहरूले नेतृत्व गर्नेछन् ।

२) **पारदर्शिता–** आफ्ना निर्णय प्रक्रिया,आर्थिक गतिविधि र नीतिगत भ्रष्टाचारलाई बहसहरू मार्फत पारदर्शी बनाउँदै सदनमा आफुले गरेका कामका वार्षिक/अर्धवार्षिक कार्यप्रगती विवरण सार्वजनिक गर्नेछन् ।

३) **इमानदारी–** देशका महत्वपूर्ण विषयमा देशहितमा रही सामाजिक र राजनैतिकरूपमा पनि इमानदार हुनेछन् । आवरणमा ठिक देखिने तर, व्यावहारिक र सैद्धान्तिकरूपबाट च्युत भएका हुनेछैनन् ।

४) **उत्कृष्टता–** समावेशितालाई अङ्गाल्दै उत्कृष्टतालाई प्रवर्द्धन गर्नेछन् । नातावाद-कृपावादको विरोध गर्दै, हाम्रो होइन, राम्रोलाई प्राथमिकता दिने शुरूवातको थालनी गर्नेछन् ।

५) **समानुभूती–** संसदमा सहानुभूतिको होइन समानुभूतीको राजनीतिक अभ्यास हुनुपर्छ । त्यसलाई अङ्गाल्ने अनि व्यवहारमा उतार्ने बनाउनुपर्छ ।

६) **साहस–** अहिलेका कुसंस्कार, राजनैतिक अनि सामाजिक सिन्डिकेट तोड्ने, छिमेकी राष्ट्रहरू सामु नेपाली स्वाभिमान नडगमगाउन नदिने साहस बोकेका हुनूपर्छ । यस्ता कार्यहरू गर्न पुरातन राजनीतिक पार्टीहरूबाट सम्भव छैन । त्यसैले यसको निकास पार्टीको ह्वीप नलाग्ने युवा उम्मेद्वारले मात्र गर्न सक्ने हुँदा परिवर्तनको तिर्खा भएका मतदानहरूले एक भोट परिवर्तनको शुरूवातका लागि हालौं ।

# किम जोङ पहिलोपटक छोरीसहित सार्वजनिक कार्यक्रममा

**काठमाडौं/एजेन्सी–** उत्तर कोरियाका नेता किम जोङ-उन आफ्नी कान्छी छोरीसँग पहिलो पटक सार्वजनिक रूपमा देखा परेका छन् । विश्वको सबैभन्दा गोप्य राज्यको नेतृत्व गर्ने नेता किमको व्यक्तिगत जीवन बारेमा धेरै कम थाहा भएका बेला सार्वजनिक भएको बाबुछोरीको तस्बिर अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूमा व्यापक भएको छ ।

सेतो कोट लगाएकी आफ्नी छोरी किम चु-एको हात समाएर शुक्रबार उनी अन्तरमहादेशीय 'ब्यालेस्टिक मिसाइल' प्रक्षेपणको निरीक्षणमा सहभागी भएको तस्बिर प्योङयाङले शनिबार सार्वजनिक गरेपछि क्षेप्यास्त्र परीक्षणलाई तीव्र गतिमा अघि बढाइएका लामो समयदेखि चलिरहेका अफवाहको पुष्टि भएको हो ।

संयुक्त राज्य अमेरिकासम्म प्रहार गर्ने क्षमता भएको देशको सबैभन्दा शक्तिशाली अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल सफलतापूर्वक प्रक्षेपण गरिएको स्थलमा नेता किम



श्रीमती, छोरी र वरिष्ठ अधिकारीका साथ उपस्थिति भएको उत्तर कोरियाको आधिकारिक समाचार संस्था केसिएनएले जनाएको छ। उक्त क्षेप्यास्त्र अमेरिकाका जुनसुकै स्थानमा प्रहार गर्न सक्षम रहेको दाबी गरिएको छ। नेता किमले शुक्रबार परीक्षण गरिएको उक्त क्षेप्यास्त्र अमेरिकी सैन्य धम्कीलाई नियन्त्रण गर्ने भरपर्दो एवं अधिकतम क्षमता भएको हतियार भएकामा त्यसप्रति गर्व गरेका छन्। क्षेप्यास्त्र परीक्षणपछि अमेरिकाले पनि सुपरसोनिक बमवर्षक विमान उडाएर शक्ति प्रर्दशन गरेको छ ।

यसैबीच, दक्षिण कोरियाली सञ्चारमाध्यमहरूले ३८ वर्षीय नेता किमका तीन सन्तान रहेका जनाएका छन् । उनीहरूको जन्म क्रमशः सन् २०१०, २०१३ र २०१७ भएको थियो ।

यसअघि उत्तर कोरियाले रूसलाई कहिल्यै हातहतियार आपूर्ति नगरेको स्पष्ट गर्दै त्यससम्बन्धमा भ्रामक हल्ला गरेकामा अमेरिकाको कडा शब्दमा निन्दा गरेको थियो । राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीको अभिव्यक्तिको खण्डन गर्दै प्योङयाङले वासिङटनको निन्दा गरेको थियो । प्रवक्ता किर्बीको भनाइ अन्तर्राष्ट्रिय क्षेत्रमा उत्तर कोरियाको छवि धमिलो पार्ने अमेरिकाको शत्रुतापूर्ण प्रयास भएको आरोप उसले लगाएको थियो ।

# इजरायली हमलामा चार सिरियाली सैनिक मारिए

**काठमाडौं/एजेन्सी–** इजरायली आक्रमणमा शनिबार बिहान मध्य र पश्चिमी जिल्लाहरूमा चार सिरियाली सरकारी सैनिकको मृत्यु हुनाका साथै एक जना घाइते भएको सिरियाली सरकारी मिडियाले जनाएको छ ।



'बिहान ०६:३० बजे इजरायली शत्रुले हवाई आक्रमण गरेको र त्यसमा परी चार सैनिकको मृत्यु भएको र एक सिपाही घाइते भएको,' सैन्य स्रोतले आधिकारिक साना समाचार एजेन्सीलाई बताएको छ ।

बेलाइतमा रहेको सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सले होम्स र हामा प्रान्तमा इरानी समर्थक समूहहरूलाई निशाना बनाएर हतियार र गोलाबारुद स्थलमा आक्रमण गरेको बताएको छ। त्यसैगरी इजरायलले लाटाकिया प्रान्तमा रहेको सिरियाली एयर डिफेन्स ब्याट्रीलाई पनि निशाना बनाएको छ ।

इजरायलले त्यस्ता रिपोर्टहरूमा विरलै टिप्पणी गर्ने गर्छ तर सन् २०११ मा गृहयुद्ध शुरु भएदेखि सिरियाली क्षेत्रमा सयौं हवाई हमलाहरू गरेको छ । सरकारी स्थानहरू साथै इरान समर्थित सेना र हिजबुल्लाह लडाकुहरूलाई त्यसको निशान बनेका छन् ।

इजरायलले बारम्बार भनेको छ कि उसले आफ्नो कट्टरपन्थी इरानलाई त्यहाँ पाइला टेक्न अनुमति दिने छैन ।

नोभेम्बर ८, २०२१मा मा शायरात एयरबेसलाई लक्षित गर्दै इजरायली आक्रमणमा दुई सिरियाली सरकारका सैनिकहरू घाइते भएको पनि सिरियाली राज्य मिडियाले जनाएको छ ।

अक्टोबरको अन्तमा, दमास्कस नजिकैको धेरै स्थानहरूमा इजरायली आक्रमणको क्रममा चार इरानी समर्थक लडाकु मारिएको पनि अब्जरभेटरीले जनाएको छ ।

# विस्फोटक हतियारको प्रयोग रोक्न ८० राष्ट्रहरूको प्रतिबद्धता

**काठमाडौं/एजेन्सी–** जनसंख्या भएको क्षेत्रमा विस्फोटक हतियारको प्रयोगलाई रोक्न संयुक्त राष्ट्रसंघ र रेडक्रसले समर्थन गरेको घोषणालाई शुक्रबार डब्लिनमा भएको सम्मेलनमा ८० राष्ट्रहरूले प्रतिबद्धता जनाएका छन् । यद्यपि उक्त सम्झौता कानुनी रूपमा बाध्यकारी छैन ।



तर ती राष्ट्रहरूले युद्धमा फसेका नागरिकहरूलाई बचाउनको लागि सहरी तथा बसोवास भएको क्षेत्रहरूमा हतियारको प्रयोगलाई प्रतिबन्ध गर्न सहमत भएका छन् । संयुक्त राज्य अमेरिका सहित आर्थिक रूपमा उन्नत राष्ट्रहरूको समूह जी-७ का सबै सदस्यहरू उक्त सम्झौतामा सहमत भएका छन् तर रुस र चीन भने यस बारे मौन छन् । पछिल्ला दिनहरूमा युक्रेनका सहरी क्षेत्रहरूलाई लक्षित गर्दै मस्कोले आफ्नो बम विष्फोट अभियानको लागि व्यापक आलोचनाको सामना गर्नु परेको छ । जुनमा जेनेभामा संयुक्त राष्ट्रसंघको बैठकमा अन्तिम रूप दिइएको यो घोषणा आयरल्याण्डको नेतृत्वमा भएको तीन वर्षको परामर्शको परिणति हो ।

'जनसंख्या भएको क्षेत्रमा विस्फोटक हतियारको प्रयोगको विनाशकारी प्रयोगलाई यस्सै हल्कारूपले लिन सकिँदैन,' आयरल्याण्डका विदेशमन्त्री साइमन कोभेनीले सम्मेलनमा भनेका छन् । 'हामी यो राजनीतिक घोषणा नागरिकको संरक्षणको मौलिक महत्त्वमा सन्देश पठाउँदै वर्तमान र भविष्यका द्वन्द्वहरूका लागि सान्दर्भिक होस् भन्ने चाहन्छौं,' उनले भनेका छन् । रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) का नयाँ अध्यक्ष मिर्जाना स्पोलजारिकले पनि यो दस्तावेज 'समस्याको गम्भीरतालाई स्वीकार गर्न र यसलाई सम्बोधन गर्न ठोस कदम चाल्ने प्रतिबद्धता' गर्ने प्रकारको पहिलो दस्तावेज भएको बताएका छन् । संयुक्त राष्ट्रसंघ र आईसीआरसीले वर्षौंदेखि राष्ट्रहरूलाई नागरिकहरू बस्ने र भेला हुने ठाउँहरूमा हतियार प्रयोग नगर्न प्रतिबद्ध हुन आह्वान गर्दै आएको छ। सिरिया, इराक, यमन र हालै युक्रेनमा भएका युद्धहरू लगायत सहरी द्वन्द्वका तथ्याङ्क र अनुसन्धानले घोषणापत्रलाई थप सान्दर्भिक बनाएको छ। गत दशकको द्वन्द्वबाट संकलित संयुक्त राष्ट्रसंघको तथ्याङ्कले सहरी क्षेत्रमा विस्फोटक पदार्थका कारण हुने मृत्युमध्ये ९० प्रतिशत सर्वसाधारण नागरिकको रहेको देखाएको छ भने जम्मा १० प्रतिशत सैन्य हताहती हुने गरेको पाइएको छ ।

जर्मनीमा शरण खोज्न एलेप्पोमा लडाइँबाट भागेका अपाङ्गता अभियानकर्ता र सिरियाली शरणार्थी नुजीन मुस्तफाले सम्मेलनलाई भने, 'जब निहत्था नागरिकहरू माथि बमबारी हुन्छ । त्यसले उनीहरूको जीवन, शहर र घरहरू मात्र गुमाउँदैन सिङ्गो जीवन र सन्ततिको भविष्यको यात्रा पनि गुमाउँछन् । उनले भने, 'म तपाईंलाई यो प्रतिबद्धताको सम्मान गर्न प्रोत्साहित गर्दछु किनभने द्वन्द्व क्षेत्रहरूमा बसोबास गर्ने मानिसहरू जो विस्फोटक हतियारको शिकार भएका छन् तिनिहरूलाई अपेक्षा, आवश्यकता र लिखित प्रतिबद्धता मात्र होइन त्यसको कार्यान्वयनको खाँचो छ ।'

# फ्रान्सले एसिया-प्रशान्त क्षेत्रमा 'मुठभेड' नहोस् भन्ने चाहन्छ : म्याक्रौँ

काठमाडौं/एजेन्सी- फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोंले एसिया-प्रशान्त क्षेत्रसँग फ्रान्सको संलग्नताका लागि लागि आफ्नो दृष्टिकोण प्रस्तुत गर्दै 'मुठभेड'को स्थिति अन्त्य गर्न आग्रह गरेका छन् । अमेरिका र चीनबीच बढ्दो प्रतिस्पर्धालाई मध्यनजर गर्दै यस क्षेत्रका लागि फ्रान्सको रणनीतिक सम्बन्ध पुनः सुरु गर्न चाहेको बैंककमा आयोजित एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) को २१ सदस्यीय शिखर सम्मेलनमा भाग लिने क्रममा म्याक्रोंले बताएका हुन् ।



फ्रान्सेली राष्ट्रपति ट्रम्पले शिखर सम्मेलनका क्रममा व्यापारिक नेताहरूको एक भेलालाई सम्बोधन गर्दै भने, 'फ्रान्सले यस क्षेत्रमा स्थिरताका लागि भूमिका खेल्न चाहेको छ ।'

'हामी आधिपत्यमा विश्वास गर्दैनौं, हामी मुठभेडमा विश्वास गर्दैनौं, तर स्थिरतामा विश्वास गर्छौं,' म्याक्रोले भने ।

हिन्द तथा प्रशान्त महासागरमा रियुनियन, न्यू क्यालेडोनिया र फ्रेन्च पोलिनेसियालगायतका विदेशी भूभाग रहेको फ्रान्सलगायत क्षेत्रीय शक्तिले भूमिका खेल्नुपर्ने उनले बताए । 'हामी जङ्गलमा छौं र हामीसँग दुई ठूला हात्ती छन्, जसले झन्-झन् उत्तेजना बढाउने अवस्था आइरहेको छ,' म्याक्रौंले आफ्नो सम्बोधनमा भने ।

'यदि उनीहरू धेरै आक्रोशित भए भने यो बाँकी जङ्गल (क्षेत्र) को लागि ठूलो समस्या हुनेछ । तपाईंलाई बाघ, बाँदरलगायत धेरै अन्य जनावरहरूको सहयोग चाहिन्छ ।' म्याक्रौंले जलवायु परिवर्तनदेखि आर्थिक उथलपुथलसम्मका संकटको सामना अन्तर्राष्ट्रिय समुदायले गरिरहेको र समन्वयात्मक प्रतिक्रियाको खाँचो रहेको बताए ।

'हाम्रो इन्डो-प्यासिफिक रणनीति यो वातावरणमा गतिशील सन्तुलन कसरी प्रदान गर्ने भन्ने हो,' उनले भने, 'यो दुई ठूला शक्तिहरूको टकराब हुन सक्दैन । तीमध्ये कुनै एकको आधिपत्य हुन नसक्ने एक प्रकारको स्थिरता र सन्तुलन कसरी प्रदान गर्ने चिन्ता अहिलेको हो ।'

रूस- युक्रेन युद्ध विश्वव्यापी अस्थिरताको प्रमुख स्रोतको रूपमा देखिएको उल्लेख गर्दै उनले भने- 'एसिया र अन्यत्रका सबै देशहरूले आफ्नो कर्तव्यप्रति गम्भीर बन्न आवश्यक छ ।' म्याक्रौंले भने, 'फ्रान्सले यो युद्ध पनि हाम्रो समस्या हो भनेर भन्नका लागि बढ्दो सहमति निर्माण गर्न काम गरिरहेको छ किनभने यसले धेरै अस्थिरता सिर्जना गर्नेछ ।'

# रुसी आक्रमणका कारण एक करोड युक्रेनीहरू बिजुलीबाट वञ्चित

**काठमाडौं/एजेन्सी–** रुसले गरेको नयाँ क्षेप्यास्त्र आक्रमणका कारण कम्तीमा सात जना मारिएको युक्रेनी अधिकारीहरूले जनाएका छन् । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसद्वारा गरिएका पछिल्ला क्षेप्यास्त्र आक्रमणहरूपछि एक करोड युक्रेनीहरू बिद्युत् आपूर्तिबाट वञ्चित हुन पुगेको जनाएका छन् । हमलाहरूमा कम्तीमा सात जना मारिएको र त्यो सङ्ख्या अझ बढ्न सक्ने बताइएको छ । 'हामीले आपूर्ति व्यवस्था सामान्य तुल्याउन हरेक प्रयास गरिरहेका छौँ,' जेलेन्स्कीले राति गरेको सम्बोधनमा भनेका छन् ।

जापोरिजाको दक्षिण पश्चिमतर्फ पर्ने नीकोपोल शहर क्षेत्रमा ७० वटा बम प्रहार भएका छन् । त्यहाँका हजारौं घरहरूमा पानी र बिजुली आपूर्ति बन्द छ । उनले युक्रेनी हवाई प्रतिरक्षा प्रणालीले छ वटा क्रुज क्षेप्यास्त्र र पाँच वटा ड्रोनहरू निस्तेज तुल्याइदिएको बताए ।

रुसले युक्रेनमाथि बिहीवार ताजा क्षेप्यास्त्र हमलाहरू गरेको थियो । अहिलेसम्मकै भयानकमध्ये पर्ने बम हमलाहरू गरेको दुई दिनमै गरिएको उक्त आक्रमणको निशानमा सर्वसाधारणका भवन र ऊर्जा केन्द्रहरू परेका छन् । प्रधानमन्त्री डेनिस श्मिहालले क्षेप्यास्त्र उत्पादन गर्ने कम्पनी आक्रमणमा परेको बताए ।

युक्रेनी राष्ट्रपतिका अनुसार दक्षिणी शहर जापोरिजा नजिकै रहेको अपार्टमेन्टको एक भागमा क्षेप्यास्त्र प्रहार हुँदा सात जना मारिएका छन् । अर्का अधिकारीले किशोर किशोरी सहित २३ जना घाइते भएको जानकारी दिए ।

पूर्वमा रहेको एउटा ग्यास उत्पादन केन्द्र र डिनिप्रोस्थित एउटा क्षेप्यास्त्र फ्याक्ट्री लगायतलाई पछिल्ला निशाना बनाइएको अधिकारीहरूको भनाइ छ । ऊर्जा आपूर्ति बन्दको मारमा खास गरी राजधानी किएभ, पश्चिमी शहर भिनित्स्या, दक्षिण पश्चिमी तटीय शहर ओडेसा र उत्तर पूर्वी शहर सुमीका बासिन्दा छन् ।

सरकारी स्वामित्वको ऊर्जा निकाय नफ्तोग्याजले देशको पूर्वमा रहेका ऊर्जा केन्द्रहरू भयानक आक्रमण परेको जनाएको छ । राष्ट्रपति जेलेन्स्कीले आफ्ना नागरिकलाई बिजुली र न्यानोको निम्ति गरिएको बन्दोबस्त ध्वस्त तुल्याएको आरोप रुसमाथि लगाए ।

# अफगानिस्तानको मानवीय अवस्थाप्रति भारतको चिन्ता

**माठमाडौं/एजेन्सी–** अफगानिस्तानको अहिलेको मानवीय अवस्थालाई लिएर भारतले चिन्ता व्यक्त गरेको छ । साथै उसले लामो युद्धबाट प्रताडित देशका जनतालाई मद्दत गर्ने आफ्नो अटल प्रतिबद्धता पुनः दोहोऱ्याएको छ ।

अफगानिस्तानमा बढ्दै गएको मानवीय अवस्थाप्रति भारत गम्भीर रुपमा चिन्तित भएको तथा त्यहाँका जनताको मानवीय आवश्यकता र सहायता परिपूर्तिका निम्ति संयुक्त राष्ट्रसंघले गरेको अपीलको प्रत्युत्तरमा आफ्नो देशले मानवीय सहायताका धेरै सामग्री उपलब्ध गराएको राष्ट्रसङ्घका लागि यहाँस्थित भारतको स्थायी नियोगका काउन्सिलर मधु सुदनले बताएका छन् । सुरक्षा परिषद्को एक बैठकमा अफगानिस्तानको निकट छिमेकी भारतले लामो समयदेखिको साझेदार उसको परिस्थितिलाई ध्यान दिँदै देशमा शान्ति र स्थायित्व सुनिश्चित गर्न निरन्तर सहयोग गरिरहेको काउन्सिलर सुदनले अर्बौं लगानीका परियोजना र कार्यक्रम कार्यान्वयन गरेको बताए ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **Paragon H.R. Management Pvt.Ltd.** (ई.प.नं. १५१९/०७४/०७५) **काठमाडौं** को साविकको ठेगाना **काठमाडौं जिल्ला टोखा न.पा. वडा नं ०५** लाई परिवर्तन गरि **काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ०४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्न हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**QATAR मा रोजगारको अवसर** | कम्पनी : **ENERGY AUTO WORKSHOP** शहरः **DOHA**

पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१९१५६६ L.T. No.: 275719

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 2 | 0 | स. काममा दक्ष | 1100 | ३९,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ११ गते (27 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**इभरग्रिन ईम्प्लोइमेन्ट प्रा.लि.**
जि.पि.ओ. बक्स नं. ८९७३, एनपिसि ८०६, शंखमुल मार्ग, नयाँ बानेश्वर-१०, काठमाडौं, नेपाल
फोनः ४७८४३५३, फ्याक्सः ४७८२९२०, Email: info@evergreenemp.com.
evergreenempl@gmail.com | Website: evergreenemployment.com.
श्रम इजाजत नं. ६८३/०६३/०६४

**Musikot Municipality**
**Office of the Municipal Executive**
**Musikot, Rukum (West)**
**Karnali Province, Nepal**

**Invitation for Online Bids**

**Date of Published : 2079.08.04 B.S. (2022.11.20 A.D.)**

Office of the Musikot Municipal Executive, Rukum (West) invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract ID | Description of Works | Cost of Bidding Doc | Last Date of Bid submission electronically 12.00 O'clock | Date of Bid Opening, 13.00 O'clock | Bid Security, NRs. | Account Details | Estimated Amount, NRs. (Without VAT) |
|---|---|---|---|---|---|---|---|
| NCB/ MM.Ruk/ W.03_ 079/080 | Construction of Manav Dharm Satsang Tatha Yoga Building | 3000.00 | 2079.09.06 BS 2022.12.21 AD | 2079.09.06 BS 2022.12.21 AD | 160000.0 | Internal Revenue : 07703000001001000001 Dharauti : 07703000003000000001 | 56,52,578.52 |

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

# ‘निर्देशन गर्नु आफैंमा क्रियटिभ काम हो’



भिडियो निर्देशनमा आफ्नो पृथक पहिचान बनाउन सफल भएका छन्, निरेन श्रेष्ठ । आशालाग्दा म्युजिक भिडियो निर्देशकको रुपमा चिनिएका निरेन आफ्नै बुबाद्वारा स्थापित ज्योति फिल्मस् प्रोडक्शनमा बुबा भाइराम श्रेष्ठकै प्रशिक्षणमा नृत्य र अभिनय सिकेका निरेन आज भोलि व्यस्त निर्देशकको पहिचान बनाउन सक्षम भएका छन् । धैर्यता, लक्ष्य, अठोट र उद्देश्यका साथ आफ्नो काममा मिहेनत गर्ने हो भने कुनै पनि क्षेत्रमा स्थापित हुन सकिने बुझेका निरेन २०५१ सालमा काठमाडौंको बुढानिलकण्ठमा जन्मिएका हुन् । एक दशकभन्दा बढी समयदेखि कला क्षेत्रमा सक्रिय रहँदै आइरहेको भएपनि ‘मरक मरक मर्काउँछे कम्मर’ बोलको गीतको भिडियो निर्देशन गरेर म्युजिक भिडियो निर्देशन यात्रा शुरु गरेका निरेन श्रेष्ठले लोकदोहोरी, आधुनिक, पप, राष्ट्रिय भाव, भजन गरेर ५०० भन्दा बढी गीतको भिडियो निर्देशन गरिसकेका छन् । निर्देशक निरेन श्रेष्ठले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

**निरेन श्रेष्ठ**
म्युजिक भिडियो निर्देशक

**कसरी शुरु गर्नुभयो कला यात्रा ?**

म पहिलेदेखि नै म्युजिक भिडियो र चलचित्रमा अभिनय गर्नुका साथै कोरस नृत्य गरेर आफ्नो कलायात्राको शुभारम्भ गरेको हुँ । त्यो समयमा स्टेज कार्यक्रमहरुमा पनि नाच्ने गर्दथ्ये । साथीभाइ र आफन्तहरुबाट हौसला मिल्दै गएपछि ममा आत्मविश्वास बढ्दै गयो र यही क्षेत्रमा स्थापित भएर केही गर्छु भन्ने उद्देश्यका साथ आफ्नो कामलाई निरन्तरता दिइरहेको छु ।

**हाल केमा व्यस्त हुनुन्छ ?**

चलेका गायक गायिकाको गीतहरुको म्युजिक भिडियो बनाउने काम भइरहेको छ । कम्तिमा पनि सातामा दुई वटा म्युजिक भिडियो निर्देशन गरिन्छ ।

**निर्देशन कस्तो विधा हो ?**


निर्देशन भनेको आफ्नो क्रियशन देखाउने ठाउँ हो । त्यसैले निर्देशन विधाप्रति आकर्षित भएको हुँ । निर्देशकले युनिटको नेतृत्वमात्र होइन आफुले गरेको कामको पनि प्रतिफल राम्रो दिन सक्नु पर्छ ।

**तपाईं त अभिनय पनि गर्नु हुन्थ्यो कुन सजिलो ?**

अभिनय भनेको पात्र सुहाउँदो अरुले अह्राएको अनुसार गर्ने हो । त्यसमा खासै जिम्मेवारी हुँदैन । निर्देशन भनेको कठिन कार्य हो । एउटा म्युजिक भिडियो वा चलचित्र सफल हुनका लागि निर्देशकले ठूलो भूमिका निर्वाह गरेको हुन्छ । आफै बुझ्नुस कुन सजिलो हुन्छ ।

**आर्थिक आर्जनको हिसावले यो पेशा कस्तो छ ?**

आफ्नो काममा धैर्यता, लगनशिलता, मिहेनत र क्रियशनमा



ध्यान दिने म्युजिक भिडियो निर्देशकले मात्र राम्रो कमाउँछ । निर्देशन गर्ने भनेर मात्र पनि हुँदैन क्वालिटी दिन सक्नु पऱ्यो ।

**तपाईं आफ्नो पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?**

मैले गरेको काम दर्शकहरुले मन पराइदिनु भएको छ र कमाई पनि राम्रै भएकोले म्युजिक भिडियो निर्देशन गरेर परिवारको रेखदेखमा सहयोग पुगिरहेको छ भने असन्तुष्ट हुने त कुरै आउँदैन ।

**सुन्ने गीतको भन्दा हेर्ने गीतको माग बढेको हो ?**

हो, किन भने डिजिटल प्रविधिको विकाससँगै मोबाइल, युट्युबदेखि टिकटकसम्म युवा जमातको आकर्षण बढेको छ । यसले गर्दा पनि नेपाली गीतसंगीतको क्रेज बढेको अनुमान गर्न सकिन्छ । पछिल्लो समय म्युजिक भिडियो निर्माण हुने क्रम पनि अत्याधिक बढेको छ ।

**चलचित्रका चलेका कलाकार पनि म्युजिक भिडियोमा देखिनुलाई तपाईं के भन्नु हुन्छ ?**

कोराना कहरका कारण लकडाउन भएपछि चलचित्र निर्माणमा सुन्यता छाएसँगै फिल्मी कलाकारहरु म्युजिक भिडियोप्रति आकर्षित भएका हुन् । अर्को कुरा चलेका कलाकारलाई लिंदा दर्शक बढ्नुका साथै पब्लिसिटीको हिसावले पनि सजिलो । त्यसैले चलचित्रको चलेका नायक, नायिकाको माग म्युजिक भिडियोमा बढेको हुनुपर्छ ।

**चलचित्रको निर्देशन गर्ने जिम्मेवारी पायो भने गर्न सक्नु हुन्छ ?**

एउटा कुशल म्युजिक भिडियो निर्देशकले चलचित्र निर्देशन गर्न मज्जाले सक्छ । मेरो निर्देशनमा बनेको चलचित्र ‘चौबन्दि’ प्रदर्शनको तयारीमा छ । निर्देशन गर्नु आफैंमा क्रियटिभ काम हो भने म्युजिक भिडियो निर्देशन त झनै क्रियटिभ काम हो । म्युजिक भिडियोमा थोरै समयमा धेरै विषय समेटिएको हुन्छ भने दुई घण्टा लामो चलचित्रले समेट्ने कथावस्तुलाई हामीले चार, पाँच मिनेटको म्युजिक भिडियोमा प्रस्तुत गरेका हुन्छौं ।

**तपाईंले निर्देशन गर्नु भएका र चलेका गीतहरु सम्झनु पर्दा ?**

बिहेको रत्यौली, मायाँ बसेसी, घैया मकै, ए साइँली, वरको हाँगो, हे माया, कस्तो मायाजाल, हामि देश बचाउँ, गमलामा जाइ, बधाई छ लगायत थुप्रै छन् ।

कस्तो गीतको म्युजिक भिडियो बनाउन रुचाउनु हुन्छ ?

मलाई प्रायः सबै खालको जस्तै रोमान्टिक, स्याड, डान्स वाला मन पर्छ । त्यसमध्ये पनि अझ स्याड गीतको भिडियो गर्न चाहिँ धेरै मन पर्छ । किन कि त्यसमा आफूले कथालाई राम्रोसँग प्रस्तुत गर्न सकिन्छ ।

**म्युजिक भिडियो निर्माणमा विकृति बढ्न थाल्यो भन्छन् नि ?**

अलि पहिला चाहिँ विकृति बढेको हो । तर पहिलेको जस्तो अहिले त्यति छैन । किन कि अहिले पेशागत अनुभवी निर्देशकहरुले मात्र भिडियो निर्देशन गरिरहेका छन् ।

**म्युजिक भिडियोबाट लगानी उठाउने आधारहरु के-के हुन् ?**

डिजिटल मार्केटबाट ।

**आजसम्म तपाईंले पाउनु भएको अवार्ड तथा सम्मानहरु ?**

नेपाल म्युजिक तथा फेसन अवार्ड उत्कृष्ट भिडियो निर्देशकको अवार्ड पाएको छु । तेस्रो राष्ट्रिय साधना म्युजिक अवार्ड ‘रिवार्ड’ २०७९ ‘निर्देशक सम्मान’, राष्ट्रिय सिल्भर अवार्ड २०७९ ‘भिडियो निर्देशक सम्मान’, छहरे युवा क्लव सम्मान पत्र २०७४, प्रथम एक्टिभ इन्टरटेनमेन्ट म्युजिक अवार्ड २०७९ ‘युवा निर्देशक सम्मान’, जय प्राप्ति म्युजिक अवार्ड २०७९ ‘रत्न सम्मान’ आदि छन् ।

# गीतकार निर कमल खड्काको ‘कहाँ राखु प्रिय’ सार्वजनिक

**काठमाडौं/मस-** गीतकार निर कमल खड्का (ममल) द्वारा रचित ‘कहाँ राखु प्रिय’ बोलको गीतको म्यूजिक भिडियो सार्वजनिक भएको छ । गायिका अस्मिता अधिकारीको स्वर रहेको गीतको भिडियो बालुवाटारस्थित टाईम्स स्क्वायरमा एक समारोहका बीच सार्वजनिक गरिएको हो ।

लोकप्रिय वरिष्ठ अभिनेता राजाराम पौडेलको हातबाट गरिएको गीतको भिडियो सार्वजनिक समारोहमा गीतसँग सम्बन्धित कलाकार तथा प्राविधिक टिमलाई सम्मान समेत गरिएको थियो । कार्यक्रममा अभिनेता पौडेललगायत अतिथिहरुले भिडियो निकै उत्कृष्ट बनेको र विदेशमा बस्ने नेपालीहरुको नेपाली गीत संगीतप्रतिको लगावका कारण आज नेपाली सांगीतिक क्षेत्र यहाँसम्म आइपुगेको बताए ।



यसैगरी भिडियो निर्माणका विषयमा भएका गतिविधि र निर्माणका क्रममा भएका अनुभव बताउँदै निर्देशक ढकालले आफूले शब्द र गीत अनुसारको भिडियो निर्माणमा करिब २ महिनाको तयारी गरेकाले सोचेको जस्तो परिणाम पाएको बताए । प्रमोद निर्वाणको एरेन्ज तथा संगीत रहेको गीत ललितपुरको गोदावरी गार्डेनमा छायांकन गरिएको हो । गोदावरीका आकर्षक हरियाली र मनमोहक दृश्यहरु कैद गरिएको भिडियोलाई छायाँकार ओम प्रसाईंले खिचेका हुन् भने दिनसन शाहको सम्पादन तथा कलरिङ रहेको छ ।

लोकप्रिय कलाकार तथा निर्देशक गोपाल ढकाल छन्देको निर्देशनमा तयार भिडियोलाई नृत्य निर्देशक सन्दिप भुजेलले कोरियोग्राफी गरेका हुन् भने कलाकार हरुमा मोडल सोनितराज ढुंगेल, मोडल डा.सलिना भित्रकोटी र अनिल नगरकोटी रहेका छन् । पछिल्लो पटक म्यूजिक भिडियो निर्देशनमा समेत व्यस्त ‘छन्दे’ हास्य कलाकारको रुपमा चर्चित छन् ।

अभि श्रेष्ठ प्रोडक्सन म्यानेजर रहेको टिममा सौन्दर्यविद् मनिषा जिसी तथा सृष्टि थापा मगरको श्रृंगार तथा ड्रेस डिजाइनर सुमित रजक रहेका थिए । बैजु खड्काको प्रस्तुति रहेको भिडियोको निर्माता यमु कार्की खड्का हुन् भने पेजेन्ट नेपालको निर्माण रहेको छ ।

उत्कृष्ट गीत रचना गर्दै आइरहेका गीतकार निर कमलका यसअघि केही गीतहरु लोकप्रिय रहेका छन् । बेल्जियममा रहेर पनि नेपाली गीत संगीतमा झुकाव राख्दै निरन्तर लागि पर्दै आएका निर कमल झण्डै दुई दशकभन्दा लामो समयदेखि गीत संगीतमा सक्रिय रहँदै आइरहेका छन् । गीत सिर्जनमा साथ दिँदै आएका गायक उमेश परियार तथा निशान श्रेष्ठलेले भिडियो निर्माणमा सहयोगी भूमिका खेलेका छन् ।

# रोमान्टिक जितु र साम्राज्ञी

**काठमाडौं/मस–** आगामी माघ २० गतेलाई प्रदर्शन मिति घोषणा गर्दै फिल्म ‘ह्यारी कि प्यारी’को तीनवटा आधिकारिक पोस्टर सार्वजनिक गरिएको छ । शुक्रबार अभिनेत्री साम्राज्ञी आरएल शाहको जन्मदिनको अवसरमा सार्वजनिक गरिएको पोस्टरमा साम्राज्ञी र जितु नेपालको लभ केमेस्ट्री देखिन्छ । पोस्टरको माध्यमबाट फिल्म रोमान्टिक-कमेडी जनरामा निर्माण भएको जानकारी दिन खोजिएको छ ।

एक पोस्टरमा साम्राज्ञीसँग हाइट मिलाउन जितु बाकसमाथि उभिएका छन् र उनीहरुलाई रिवनले बाँधिएको छ । दोस्रो पोस्टरमा जितुले साइकल चलाएका छन् भने साम्राज्ञी माइकिङ गरिरहेकी छन् । तेस्रो पोस्टरमा दुवै रोमान्टिक अवतारमा प्रस्तुत छन् । यी पोस्टरले फिल्मप्रति दर्शकको कौतुहलता र उत्सुकता जगाउन सक्छ । साम्राज्ञी र जितुले पहिलो पटक एकसाथ काम गरेका हुन् । बिआर प्रोडक्सनकको




प्रस्तुतिमा निर्माण भएको फिल्ममा विजय बराल, लक्ष्मी गिरी, सुवास गजुरेल, नरेश पौडेल, रञ्जना भट्टराई, समिक्षा पौडेल, रमेश अधिकारी, डिल्लीराम खनालको पनि अभिनय छ भने नायिका रेखा थापा अतिथी भूमिकामा छिन् । फिल्ममा डा. कपिल रिजालको कथा तथा निर्देशन, सुदीप बराल, गिरीराज घिमिरे, डा. रिजाल, अभिमन्यू निरवीको पटकथा र संवाद छ ।

फिल्ममा डा. भोला रिजालको गीत रचना, शिखर सन्तोष र युग भुषालको संगीत, सपनकुमार राई, सौभर दास, थोम्सन एन्ड्रयुज, मीना निरौला र देवाञ्जली जोशीको गायन र कविराज गहतराजको कोरियाग्राफी छ ।

मध्यान्ह
www.madhyanhadaily.com



# विश्वकप फुटबल आजबाट शुरु हुँदै

## समूह विभाजन

| समूह 'ए' | समूह 'सी' | समूह 'ई' | समूह 'जी' |
|---|---|---|---|
| कतार | अर्जेन्टिना | स्पेन | ब्राजिल |
| नेदरल्यान्ड | मेक्सिको | जर्मनी | स्वीटजरल्यान्ड |
| सेनेगल | पोल्याण्ड | जापान | सर्बिया |
| इक्वेडर | साउदी अरेबिया | कोष्टारिका | क्यामरून |

| समूह 'बी' | समूह 'डी' | समूह 'एफ' | समूह 'एच' |
|---|---|---|---|
| इङ्ल्यान्ड | फ्रान्स | बेल्जियम | पोर्चुगल |
| अमेरिका | डेनमार्क | क्यानडा | उरुग्वे |
| इरान | ट्यूनिसिया | क्रोएसिया | दक्षिण कोरिया |
| वेल्स | अष्ट्रेलिया | मोरक्को | घाना |



**काठमाडौं/मस–** विश्व फुटबलको कुम्भमेला फिफा विश्वकप फुटबल आइतबारबाट कतारमा शुरु हुँदैछ। ६० हजार दर्शक क्षमताको अल बायत स्टेडियममा कतार विश्वकपको भव्य उद्घाटन हुनेछ। कतार विश्वकपको उद्घाटन खेलमा आयोजक कतार र इक्वेडरबीच प्रतिस्पर्धा हुनेछ। उद्घाटन खेल नेपाली समय अनुसार राति पौने १० बजे शुरु हुनेछ। यस पटकको विश्वकपमा ३२ राष्ट्रले प्रतिस्पर्धा गर्दैछन्। सहभागी ३२ राष्ट्रलाई आठ समूहमा विभाजन गरिएको छ।

पहिलो दिन एउटा मात्र खेल हुने विश्वकप २०२२ को फाइनल खेल पुस ३ गते आइतबार नेपाली समय अनुसार राति पौने ९ बजे शुरू हुनेछ।

समूह चरणमा एक दिनमा ४ खेल हुनेछन्। समूह चरणको खेल १२ दिनसम्म मंसिर ४ देखि १६ सम्म हुनेछ। यसअघि जुन र जुलाईमा विश्वकप फुटबल हुँदै आएको थियो। तर कतारमा अत्यधिक गर्मी हुने भएकोले आयोजकले पहिलो पटक विश्वकप नोभेम्बरमा गर्न लागेको हो। समूह चरणका खेलहरु चार फरक समयमा शुरु हुनेछन्।




## नेपाली समय अनुसार खेल तालिका

### (समूह चरण)

***मंसिर ४, २०७९***

१. कतारविरुद्ध इक्वेडर (राति ९:४५ बजे) - समूह 'ए'

मंसिर ५

२. सेनेगलविरुद्ध नेदरल्यान्ड्स (राति ९:४५ बजे) - समूह 'ए'
३. इंग्ल्यान्डविरुद्ध इरान (राति ६:४५ बजे) - समूह 'बी'
४. अमेरिकाविरुद्ध वेल्स (राति १२:४५ बजे) - समूह 'बी'

***मंसिर ६***

५. फ्रान्सविरुद्ध अष्ट्रेलिया (राति १२:४५ बजे) - समूह 'डी'
६. डेनमार्कविरुद्ध ट्युनिसिया (राति ६:४५ बजे) - समूह 'डी'
७. मेक्सिकोविरुद्ध पोल्यान्ड (राति ९:४५ बजे) - समूह 'सी'
८. अर्जेन्टिनाविरुद्ध साउदी अरेविया (दिउँसो ३:४५ बजे) - समूह 'सी'

***मंसिर ७***

९. बेल्जियमविरुद्ध क्यानडा (राति १२:४५ बजे) - समूह 'एफ'
१०. स्पेनविरुद्ध कोस्टा रिका (राति ९:४५ बजे) - समूह 'ई'
११. जर्मनीविरुद्ध जापान (राति ६:४५ बजे) - समूह 'ई'
१२. समूह 'एफ' - मोरोक्कोविरुद्ध क्रोएसिया (दिउँसो ३:४५ बजे) - समूह 'एफ'

मंसिर ८

१३. स्वीट्जरल्यान्डविरुद्ध क्यामरुन (दिउँसो ३:४५ बजे) - समूह 'जी'
१४. उरुग्वेविरुद्ध दक्षिण कोरिया (राति ६:४५ बजे) - समूह 'एच'
१५. पोर्चुगलविरुद्ध घाना (राति ९:४५ बजे) - समूह 'एच'
१६. ब्राजिलविरुद्ध सर्विया (राति १२:४५ बजे) - समूह 'जी'

***मंसिर ९***

१७. वेल्सविरुद्ध इरान (दिउँसो ३:४५ बजे) - समूह 'बी'
१८. कतारविरुद्ध सेनेगल (राति ६:४५ बजे) - समूह 'ए'
१९. नेदरल्यान्ड्सविरुद्ध इक्वेडर (राति ९:४५ बजे) - समूह 'ए'
२०. इंग्ल्यान्डविरुद्ध अमेरिका (राति १२:४५ बजे) - समूह 'बी'

***मंसिर १०***

२१. ट्युनिसियाविरुद्ध अष्ट्रेलिया (दिउँसो ३:४५ बजे) - समूह 'डी'
२२. पोल्यान्डविरुद्ध साउदी अरेविया (राति ६:४५ बजे) - समूह 'सी'
२३. फ्रान्सविरुद्ध डेनमार्क (राति ९:४५ बजे) - समूह 'डी'
२४. अर्जेन्टिनाविरुद्ध मेक्सिको (राति १२:४५ बजे) - समूह 'सी'

***मंसिर ११***

२५. जापानविरुद्ध कोस्टा रिका (दिउसो ३:४५ बजे) - समूह 'ई'
२६. बेल्जियमविरुद्ध मोरोक्को (राति ६:४५ बजे) - समूह 'एफ'
२७. समूह 'एफ' - क्रोएसियाविरुद्ध क्यानडा (राति ९:४५ बजे) - समूह 'एफ'
२८. स्पेनविरुद्ध जर्मनी (राति १२:४५ बजे) - समूह 'ई'

***मंसिर १२***

२९. क्यामरुनविरुद्ध सर्विया (दिउँसो ३:४५ बजे) - समूह 'जी
३०. दक्षिण कोरियाविरुद्ध घाना (राति ६:४५ बजे) - समूह 'एच'
३१. ब्राजिलविरुद्ध स्वीट्जरल्यान्ड (राति ९:४५ बजे) - समूह 'जी
३२. पोर्चुगलविरुद्ध उरुग्वे (राति १२:४५ बजे) - समूह 'एच'

***मंसिर १३***

३३. वेल्सविरुद्ध इंग्ल्यान्ड (राति १२:४५ बजे) - समूह 'बी'
३४. इरानविरुद्ध अमेरिका (राति १२:४५ बजे) - समूह 'बी'
३५. इक्वेडरविरुद्ध सेनेगल (राति ८:४५ बजे) - समूह 'ए'
३६. नेदरल्यान्ड्सविरुद्ध कतार (राति ८:४५ बजे) - समूह 'ए'

***मंसिर १४***

३७. अष्ट्रेलियाविरुद्ध डेनमार्क (राति ८:४५ बजे) - समूह 'डी'
३८. ट्युनिसियाविरुद्ध फ्रान्स (राति ८:४५ बजे) - समूह 'डी'
३९. पोल्यान्डविरुद्ध अर्जेन्टिना (राति १२:४५ बजे) - समूह 'सी'
४०. साउदी अरेबियाविरुद्ध मेक्सिको (राति १२:४५ बजे) - समूह 'सी'

***मंसिर १५***

४१. क्रोएसियाविरुद्ध बेल्जियम (राति ८:४५ बजे) - समूह 'एफ'
४२. क्यानडाविरुद्ध मोरोक्को (राति ८:४५ बजे) - समूह 'एफ'
४३. जापानविरुद्ध स्पेन (राति १२:४५ बजे) - समूह 'ईं'
४४. कोस्टा रिकाविरुद्ध जर्मनी (राति १२:४५ बजे) - समूह 'ईं'

***मंसिर १६***

४५. घानाविरुद्ध उरुग्वे (राति ८:४५ बजे) -समूह 'एच'
४६. दक्षिण कोरियाविरुद्ध पोर्चुगल (राति ८:४५ बजे - समूह 'एच'
४७. सर्वियाविरुद्ध स्वीट्जरल्यान्ड (राति १२:४५ बजे) -समूह 'जी'
४८. क्यामरुनविरुद्ध ब्राजिल (राति १२:४५ बजे) - समूह 'जी'

### प्रि-क्वाटरफाइनल (नकआउट)

***मंसिर १७ शनिबार***

४९. समूह 'ए' को विजेता र समूह 'बी' को उपविजेता (राति ८:४५ बजे)
५०. समूह 'सी' को विजेता र समूह 'डी' को उपविजेता (राति १२:४५ बजे)

***मंसिर १८ गते आइतबार***

५१. समूह 'ए' को उपविजेता र समूह 'बी' को विजेता (राति १२:४५ बजे)
५२. समूह 'डी' को विजेता र समूह 'सी' को उपविजेता (राति ८:४५ बजे)

***मंसिर १९ गते सोमबार***

५३. समूह 'ईं' को विजेता र समूह 'एफ' को उपविजेता (राति ८:४५ बजे)
५४. समूह 'जी' को विजेता र समूह 'एच' को उपविजेता (राति १२:४५ बजे)

***मंसिर २० गते मंगलबार***

५५. समूह 'एफ' को विजेता र समूह 'ईं' को उपविजेता (राति ८:४५ बजे)
५६. समूह 'एच' को विजेता र समूह 'जी' को उपविजेता (राति १२:४५ बजे)

### क्वाटरफाइनल

***मंसिर २३ गते शक्रबार***

५७. खेल नम्बर ४९ को विजेता र खेल नम्बर ५० को विजेता (राति १२:४५ बजे)
५८. खेल नम्बर ५३ को विजेता र खेल नम्बर ५४ को विजेता (राति ८:४५ बजे)

***मंसिर २४ गते शनिबार***

५९. खेल नम्बर ५१ को विजेता र खेल नम्बर ५२ को विजेता (राति १२:४५ बजे)
६०. खेल नम्बर ५५ को विजेता र खेल नम्बर ५६ को विजेता (राति ८:४५ बजे)

### सेमिफाइनल

***मंसिर २७ गते मंगलबार***

६१. खेल नम्बर ५७ को विजेता र खेल नम्बर ५८ को विजेता (राति १२:४५ बजे)

***मंसिर २८ गते बुधबार***

६२. खेल नम्बर ५९ को विजेता र खेल नम्बर ६० को विजेता (राति १२:४५ बजे)

### तेस्रो स्थान

***पुस २ गते शनिबार***

६३. खेल नम्बर ६१ को उपविजेता र खेल नम्बर ६२ को उपविजेता (राति ८:४५ बजे)

### फाइनल

***पुस ३ गते आइतबार***

६४. खेल नम्बर ६१ को विजेता र खेल नम्बर ६२ को विजेता (राति ८:४५ बजे)

# नेपाल टी–२० लिगको खेल तालिका सार्वजनिक

**काठमाडौं/मस–** नेपाल क्रिकेट संघको आयोजनामा काठमाडौंमा सञ्चालन हुने नेपाल टी-२० लिगको खेल तालिका सार्वजनिक भएको छ। आगामी महिना डिसेम्बर १२ तारिख देखि शुरु हुने लिगको खेल तालिका सार्वजनिक भएको हो।

प्रतियोगितामा काठमाडौं गुर्खाज पोखरा एभेन्जर्स, बिराटनगर सुपर किंग्स, जनकपुर रोयल्स, लुम्बिनी अल स्टार्स, फारवेस्टर्न युनाइटेड गरि ६ टिम सहभागी हुनेछन्। त्रिवि मैदान कीर्तिपुरमा डिसेम्बर १२ तारिखमा हुने लिगको उद्घाटन खेलमा काठमाडौं गुर्खाज र पोखरा एभेन्जर्स भिड्नेछन्। सोही दिन हुने अर्को खेलमा लुम्बिनी अल स्टार्स र फार वेस्ट युनाइटेडबीच भिडन्त हुनेछ।

६ फ्रेन्चाइज टिम सहभागी प्रतियोगिता डबल राउण्ड रोबिन फर्म्याटमा खेलाइनेछ। सबै टिमले एक अर्कासँग लिग चरणमा २/२ खेल खेल्नेछन्। डिसेम्बर २७ तारिखमा पहिलो क्वालिफायर हुनेछ। डिसेम्बर २८ मा इलिमीनेटर, डिसेम्बर २९ तारिखमा दोश्रो क्वालिफायर हुनेछ।

डिसेम्बर ३१ तारिखमा फाइनल खेल सम्पन्न हुने क्यानले जनाएको छ। क्यानको आयोजनामा हुने नेपाल टी-२० लिगलाई आईसीसीले मान्यता दिइसकेको छ। उक्त लिगको व्यवस्थापनको जिम्मा सेभेन थ्रि स्पोर्टसलाई रहेको छ।

# शिवसुन्दर र राजेन्द्र च्याम्पियन

**काठमाडौं/मस–** शिवसुन्दर गोथे र राजेन्द्र कपालीले दोश्रो एपीएम अन्तर्राष्ट्रिय भेट्रान टेबलटेनिस प्रतियोगितामा स्वर्ण जितेका छन्। भेट्रान सिंगल्सको पुरुष ४० वर्षमाथि शिव र ५० वर्षमाथि राजेन्द्र पहिलो भएका हुन्। विजेताद्वय गोड स्पिन टीटी एकेडेमीका हुन्।

भैसेपाटीस्थित आयोजक नेपाल एपीएम प्रा.लि. को हलमा भएको ४० वर्षमाथि फाइनलमा तीनपटकका राष्ट्रिय च्याम्पियन शिवले अर्का राष्ट्रिय खेलाडी चन्दन शाहीलाई ११-४, ११-६ र ११-७ को सोझो सेटमा पराजित गरे। ललितपुर टीटी क्लबका नवीनबहादुर शाक्य र सीवाइसी टीटी क्लबका रविन्द्र शाक्य तेश्रो भए।

राजेन्द्रले ५० वर्षमाथि स्वर्ण भिडन्तमा ललितपुरका कपुर शर्मा पौडेललाई सीधा सेटमा १२-१०, ११-१ र ११-३ ले हराए। सीवाइसीका राजेन्द्र वज्राचार्य र कान्तिपुर भ्याली पिङपोङ क्लबका निशान प्रधान तेश्रो बने।




भेट्रान पुरुष टिम इभेन्टमा गोड स्पिन (राजेन्द्र कपाली, शिवसुन्दर गोथे, रोशन प्रधान, रविनमुणि वज्राचार्य र जविन्द्र वज्राचार्य) पहिलो भयो। फाइनलमा गोड स्पिनले राजेन्द्र वज्राचार्य, रविन्द्र शाक्य, राजिप वज्राचार्य, किरण ब्यञ्जनकार र आनन्दरत्न धाक्वा सम्मिलित सीवाइसी टोलीलाई ३-१ ले पाखा लगायो। ललितपुरका चन्दन शाही, जयराम महर्जन, निम जोशी, नवीनबहादुर सिंह र कपुर शर्मा पौडेल तथा आयोजक एपीएमका विश्वास गौचन, ठाकुर थापा, पूर्णशंकर श्रेष्ठ र सुमन खड्गी तेश्रो स्थानमा रहे।

प्रतियोगिताअन्तर्गत पुरुषमा ४ र महिलामा १ गरी ५ स्पर्धामा प्रतिस्पर्धा भएको थियो। पुरुष ६० वर्षमाथि सिंगल्समा नेपालका रञ्जन सुब्बा पहिलो, दक्षिण कोरियाका नाम साङ वन दोश्रो तथा नेपालका आनन्दरत्न धाक्वा र जगदीश्वर जोशी तेश्रो भएका थिए। महिला ४० वर्षमाथि सिंगल्समा नेपालकी इन्दिार पराजुलीले स्वर्ण, नेपालकी सम्झना पोखरेलले रजत तथा नेपालकी सरिता बस्नेत र दक्षिण कोरियाकी इम ए सुकले कांस्य जितेका थिए।

सोही प्रतियोगिताका दौरान यु-१६ ब्वाइज/गर्ल्सको एकिकृत प्रतिस्पर्धा पनि गराइएको थियो। एपीएमका आशिष महता पहिलो, बुटवलका विसु सुनार दोश्रो तथा एपीएमकी योङगी पौडेल र दक्षिण कोरियाकी पार्क तेश्रो भएका थिए।

भेट्रानतर्फ कुल पुरस्कार राशी ४ लाख ५० हजार रुपैयाँ रहेको थियो। हरेक स्पर्धामा शीर्ष तीन स्थान हात पार्नेले क्रमश: ५० हजार, २० हजार र १०-१० हजारका दरले नगद पुरस्कार प्राप्त गरे। यु-१६ का पदक विजेतालाई १ लाख रुपैयाँ बराबरको जिओम नेपालको टेबलटेनिस खेल सामाग्री प्रदान गरिएको थियो।

विजेतालाई टेबलटेनिसमा ओलम्पिककी स्वर्णधारी दक्षिण कोरियाकी याङ योङ जा, अखिल नेपाल टेबलटेनिस संघका प्रथम उपाध्यक्ष धर्ममान वज्राचार्य, एपीएमका निर्देशक दानबहादुर महता, जिओम नेपालका प्रबन्ध निर्देशक ज्याकी महर्जनलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

समापनकै अवसरमा भेट्रानमा सहभागीहरुको 'लक्की ड्र' गराइ १ विजेतालाई सामसुङ मोबाइल प्रदान गरिएको थियो। त्यसमा राजेन्द्र वज्राचार्य भाग्यमानी रहे। भेट्रानमा ७० तथा यु-१६ मा २८ खेलाडी सहभागी थिए।

# १० वाणिज्य बैंकले गरे लाभांश प्रस्ताव

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ३ मंसिर ।

बैंक तथा वित्तीय संस्थामा लाभांश घोषणा गर्ने लहर शुरु भएको छ । कम्पनीहरुले गत आर्थिक वर्षको नाफाबाट शेयरधनीलाई लाभांश वितरणको लागि प्रस्ताव गर्न थालेको हो । हालसम्म १० वाणिज्य बैंकले गत आर्थिक वर्ष २०७८/७९ को नाफाबाट शेयरधनीलाई वितरण गर्ने लाभांश प्रस्ताव घोषणा गरेका छन् ।

लाभांश घोषणा गर्नेमा अधिकांश बैंकले बोनस शेयरभन्दा नगद शेयरलाई प्राथमिकता दिएका छन् । लाभांश घोषणा गर्नेमा सबैभन्दा धेरै बैंक अफ काठमाण्डूको छ । बैंक अफ काठमाण्डूले ६ प्रतिशत बोनस शेयर र १४ दशमलव ९५ प्रतिशत नगद शेयर गरी कुल २० दशमलव ९५ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको छ ।

यस्तै, स्ट्यान्डर्ड चार्टर्ड बैंक लिमिटेडले आर्थिक वर्ष २०७८/०७९ को मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई लाभांश प्रस्ताव गरेको छ । बैंकको संचालक समितिको बैठकले हाल कायम रहेको चुक्तापूँजीको १६.५१ प्रतिशत (कर बाहेक) लाभांश वितरण गर्ने निर्णय गरेको हो ।

एभरेष्ट बैंकले आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट लाभांश घोषणा गरेको छ । कम्पनीले आफ्ना शेयरधनीहरुलाई १३ प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि ७.६८ प्रतिशत नगद लाभांश दिने भएको हो । यस्तै, नेपाल इन्भेष्टमेन्ट बैंकले गत आर्थिक वर्ष २०७९/८० को मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई ११ प्रतिशत लाभांश प्रस्ताव गरेको हो । बैंकको कात्तिक २९ गते बसेको संचालक समितिको बैठकले हाल कायम चुक्ता पुँजीको ४ प्रतिशत बोनस शेयर ७ प्रतिशत नगद लाभांश गरी कुल ११ प्रतिशत लाभांश बितरण गर्ने प्रस्ताव गरेको हो । हाल इन्भेष्टमेन्ट बैंकको चुक्ता पुँजी १८ अर्ब ३० करोड ७५ लाख रहेको छ ।

मेगा बैंकले पनि आफ्ना शेयधनीहरुलाई गत आवको मुनाफाबाट ७.८३ प्रतिशत लाभांश दिने भएको हो । बैंकको कात्तिक २९ गते बसेको संचालक समितिको बैठकले गत आर्थिकको मुनाफाबाट कम्पनीका शेयरधनीहरुलाई चुक्ता पूँजीको ४ प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि समेत ३.८३ प्रतिशत नगद लाभांश वितरण गर्ने घोषणा गरेको हो ।

नेपाल क्रेडिट एण्ड कमर्स (एनसीसी) बैंक लिमिटेडले गत आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई लाभांश प्रस्ताव गरेको हो । बैंकले हाल कायम रहेको चुक्तापुँजी ११ अर्ब १३ करोड रुपैयाँबाट ३.३६६३ प्रतिशत बोनस शेयर र ७.६३३७ प्रतिशत नगद लाभांश वितरण भएको हो । उक्त निर्णय बैंकको कात्तिक २९ गते बसेको संचालक समितिले गरेको हो ।

यस्तै, सिटिजन्स बैंकले शेयरधनीलाई ९ प्रतिशत लाभांश दिने भएको छ । बैंकले गत आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट शेयरधनीहरुलाई सो लाभांश दिने प्रस्ताव गरेको हो । बैंकको असोज ६ गते बिहीबार बसेको ४०३ औं सञ्चालक समितिको बैठकले आफ्ना शेयरधनीलाई ९ प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको हो ।


कुमारी बैंकले गत आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट लाभांश वितरणको घोषणा गरेको हो । गत आवको मुनाफबाट बैंकले आफना शेयरधनीहरूलाई १२ दशमलव ५० प्रतिशत नगद लाभांश वितरण गर्ने घोषणा गरेको हो । बैंकले बोनस शेयर भने प्रस्ताव गरेको छैन ।

सानिमा बैंकले गत आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट आफ्ना शेयरधनीलाई १०.९८ प्रतिशत लाभांश दिने भएको हो । बैंकको कात्तिक ४ गते बसेको संचालक समितिको बैठकले गत आवको मुनाफाबाट शेयरधनीलाई १० प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि ०.९८ प्रतिशत नगद लाभांश दिने भएको हो ।

ग्लोबल आइएमई बैंकले बैंकले आर्थिक वर्ष २०७८/७९ मा आफ्ना शेयरधनीलाई १३.६ प्रतिशत लाभांश दिने प्रस्ताव गरेको छ । बैंकले आगामी वार्षिक साधारणसभाबाट स्वीकृति पश्चात वितरण गर्ने गरी आर्थिक वर्ष २०७८/७९ को वितरण योग्य मुनाफाबाट आफ्ना सेयरधनीलाई १३.६ प्रतिशत लाभांश (३ प्रतिशत बोनस शेयर र करसहित १०.६ प्रतिशत नगद लाभांश) घोषणा गरेको हो । बैंकले गत वर्ष १३.५ प्रतिशत लाभांश घोषणा गरेको थियो । प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकले स्वकृति भई बैंकको आगामी वार्षिक साधारण सभाबाट स्वीकृत भएपछि मात्र शेयरधनीहरुलाई वितरण हुने छ ।




# ओरेन्टल सहकारीद्वारा बचतकर्ताको १० अर्ब ८३ करोड हिनामिना




**काठमाडौं/मस** – समस्याग्रस्त एउटै सहकारीले बचतकर्ताको १० अर्ब ८३ करोड ८२ लाख ५६ हजार एक सय ७४ हिनामिना गरेको तथ्य फेला परेको छ । सरकारले २०७४ साल कात्तिक २० गते समस्याग्रस्त घोषणा गरेको ओरेन्टल को-अपरेटिभ लिमिटेडले देशभर नौ वटा शाखा खोली १० अर्ब भन्दामाथि बचत संकलन गरेर भागेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले जनाएको छ । समितिले सहकारीका बचतकर्ताको साँवा, ब्याज, शेयर र अपार्टमेन्टको समेत गरी १० अर्बभन्दा माथि पैसा फिर्ता गर्नुपर्ने अभिलेख रहेको समितिले जनाएको हो । २०७४ सालमा सहकारी मन्त्रिस्तरीय निर्णय गरी ओरेन्टललाई समस्याग्रस्त घोषणा गरिएको थियो । सरकारले समस्याग्रस्त घोषणा गरेपछि एउटा पत्रमात्र पठाएर अन्य कागजात नदिँदा बचतकर्ताको पैसा फिर्ताका लागि प्रमाण जुटाउन समस्या भएको कार्यालय प्रमुख केशवप्रसाद पौडेलले बताए ।

ओरेन्टललाई समस्याग्रस्त घोषणा गरेपछि सात हजार ६ सय ४६ जनाले पैसा डुबेको भन्दै माग दाबी गरेको पनि उनको भनाइ छ । ओरेन्टललाई समस्याग्रस्त घोषणा गरेको केही समयमै सर्वोच्च अदालतमा मुद्दा परेको थियो । सर्वोच्चले २०७६ फागुन ११ गते सहकारीलाई नै बचत फिर्ताको समस्या समाधान गर्न आदेश दिएको थियो । सर्वोच्चको आदेशबमोजिम सहकारीका सञ्चालकले समस्या समाधान गर्नेतर्फ ध्यान नदिएपछि सहकारी मन्त्री शशी श्रेष्ठले २०७९ साल असोज ७ गते मन्त्रिस्तरीय निर्णय गरी ओरेन्टललाई दोस्रोपटक समस्याग्रस्त घोषणा गरेकी हुन् ।

सरकारले दोस्रोपटक समस्याग्रस्त घोषणा गरेपछि ओरेन्टलका पूर्व अध्यक्ष सुधीर बस्नेतलाई बोलाएर समितिले छलफल गरेको थियो । 'छलफलमा बस्नेतले समस्याग्रस्त घोषणा भएका हिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड र भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड पनि हाम्रै भनेका छन्', समितिका कार्यालय प्रमुख पौडेलले भने ।

ओरेन्टलका नेपालगञ्ज, पोखरा, दाङ, सुर्खेत, काठमाडौं, विराटनगर, इटहरी, भक्तपुर र ललितपुरमा गरी नौवटा शाखा कार्यालय स्थापना गरी बचत सङ्कलन गरेको भेटिएको समितिको कार्यालयले जनाएको छ । सरकारले हालसम्म १२ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरेको छ ।

**सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारी**

सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीमा स्ट्यान्डर्ड सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर्ड सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, स्ट्यान्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड, लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड छन् । यसैगरी प्यासिफक सेभिङ एन्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड, कोहिनुर हिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन् । सरकारले घोषणा गरेका समस्याग्रस्त सहकारीको व्यवस्थापन कार्यालयले नै गर्दै आएको जानकारी पनि समितिको सदस्य सचिवसमेत रहेका कार्यालय प्रमख पौडेलले दिए ।

ओरेन्टलबाहेक अन्य समस्याग्रस्त सहकारीका धेरैजसो बचतकर्तालाई रकम फिर्ता गरिएको समितिले जनाएको छ । बाँकीलाई पनि छिटो बचत फिर्ता गर्न कानूनबमोजिम कारबाहीको चरणमा प्रवेश गर्न बाध्य भएको उनले बताए । समस्याग्रस्त सहकारीमा पैसा फस्नेमा धेरैजसो सेवा निवृत्त कर्मचारी रहेको समितिका शाखा अधिकृत तेजनाथ पोखरेलले बताए ।

सहकारीको उद्देश्य सदस्य भएर नै कारोबार गर्ने भए पनि पसलमा समेत बचत संकलन गर्ने गर्दा पनि समस्या आउने गरेको उनको भनाइ छ । पसलबाट बचत गर्नेले त्यो सहकारीका विषयमा थप जानकारी पनि नलिने गरेकाले फस्ने गरेका छन् । सहकारीको सिद्धान्त सदस्य नियन्त्रित प्रणाली भए पनि केही व्यक्तिको सक्रियतामा मात्र यसका गतिविधि चल्दा पैसा फस्ने गरेको छ । एउटै पुँजीपतिले पैसा हालेर अरूको बचतमात्र संकलन गर्ने र पैसा जम्मा पारेर हिँड्ने गरेको समितिले फेला पारेको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीका सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीलाई तिर्ने बुझाउनुपर्ने ऋण र दायित्वको साँवाब्याज बुझाउन कात्तिक २१ गते १५ दिने सूचना जारी गरेको छ । समितिले पटकपटक सम्पर्क, पत्राचार र राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्दासमेत हालसम्म पनि संस्थालाई तिर्न बुझाउनुपर्ने ऋण र दायित्व बाँकी भएकाले १५ दिने सूचना सार्वजनिक गरिएको कार्यालय प्रमुख पौडेलले जानकारी दिए । तिर्नुपर्ने साँवाब्याज १५ दिनभित्र नबुझाउने सहकारीका सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीलाई कानूनबमोजिम कारबाही गरिने कार्यालयले जनाएको छ ।

# नेपाल टेलिकमबाट विश्वकप प्याकेज खरिद गर्दा १२ जिबी डाटा नि:शुल्क पाइने




**काठमाडौं/मस** – नोभेम्बर २० अर्थात् मंसिर ४ गतेदेखि कतारमा आयोजना हुने विश्वकप फुटबल-२०२२ हेर्न नेपाल टेलिकमले आफ्ना एनटीटीभी ग्राहकहरुका लागि फिफा वर्ल्ड कप प्याकेज उपलब्ध गराउने भएको छ । फिफा वर्ल्ड कप-२०२२ हेर्नका लागि निर्धारित करसहितको शुल्क ५६५ एनटीटीभीका ग्राहकहरुले कम्पनीका ग्राहक सेवा केन्द्रमा नगई घरमै बसेर पनि खरिद गर्न सकिने कम्पनीले जनाएको छ ।

यसका लागि वर्ल्ड कप प्रसारण हुने हिमालयन एचडी टेलिभिजन च्यानलमा गई 'बाई प्याकेज' मा क्लिक गरी आफ्नो मोबाइल नम्बर इन्ट्री गर्नु पर्नेछ । त्यसपछि नेपाल टेलिकमबाट प्राप्त ओटीपी प्रयोग गरी सेवा खरिद गर्न सकिन्छ । सेवा खरिद गर्दा ग्राहकको मोबाइल ब्यालेन्सबाट रकम काटिनेछ ।

फिफा वर्ल्ड कप-२०२२ हेर्नका लागि तोकिएको फिफा वर्ल्ड कप प्याकेज खरिद गर्ने कम्पनीका एनटीटीभी सेवाका ग्राहकहरुलाई उक्त प्याकेज खरिद गर्न प्रयोग गरिएको मोबाइल नम्बरमा कम्पनीका तर्फबाट २८ (अट्ठाइस) दिनसम्म प्रयोग गर्न सकिने १२ जिबी डाटा समेत नि:शुल्क उपलब्ध गराइने छ । फिफा वर्ल्ड कप-२०२२ हेर्नका लागि निर्धारित करसहितको शुल्क ५६५ एनटीटीभीका ग्राहकहरुले नजिकको कम्पनीको ग्राहक सेवा केन्द्रमा गएर पनि बुझाउन सकिन्छ । विश्व कप फुटबल अवधिभर उपलब्ध हुने सो अफरबाट ग्राहकहरुले उल्लेख्य लाभ प्राप्त गर्ने अपेक्षा कम्पनीले राखेको छ ।

# अमेरिकी तेल सम्झौता पछि प्रति ब्यारेल ८० डलरभन्दा तल



**काठमाडौं/एजेन्सी**– विश्व अर्थतन्त्रको बढ्दो चिन्ता र चीनमा कोभिड-१९ को संक्रमण बढ्दै गएपछि अमेरिकी कच्चा तेलको मुख्य सम्झौताको मूल्य सेप्टेम्बरयता पहिलो पटक शुक्रबार प्रति ब्यारेल ८० डलरभन्दा तल झरेको छ ।

डिसेम्बरमा डेलिभरीका लागि डब्ल्यूटीआईको एक ब्यारेल प्रति डलर ८०.०८ मा १.९ प्रतिशतले झरेको थियो । यसैबीच, जनवरीमा डेलिभरीका लागि मुख्य युरोपेली सम्झौता, ब्रेन्ट १.६ प्रतिशतले प्रति डलर ८८.३३ ले घटेको छ ।

# डिशहोमले विश्वकप २ के रिसोलुसोनमा प्रशारण गर्दै




**काठमाडौं/मस** – डिश मिडिया नेटवर्कले आफ्नो फिफा विश्वकप २०२२ अभियान फिल द म्याजिक अफ फुटबल इन डिशहोम अभियान शुरु गरेको छ । डिशहोमले लामो समयदेखि प्रतिक्षा गरिएको फिफा विश्वकप फुटबलको प्रशारण गर्नेछ । हरेक चार चार वर्षमा हुने विश्वकप फुटबललाई नेपाली फुटबलका फ्यानहरुले हर्षोल्लासका साथ स्वागत गर्ने गरेका छन् ।

सामाजिक सञ्जालको लोकप्रियता र फ्यानहरुको गतिबिधीलाई मध्यनजर गर्दै डिशहोमले धेरै उपहारहरु सहित सामाजिक सञ्जालका लागि विभिन्न डिजिटल अभियानहरु जारी गरेको छ । त्यस अभियानमा सहभागी हुनका लागि सहभागीहरुले डिशहोमको फेसबुक पेजमा गइ पोस्टमा म्याजिक मुमेन्टसमा उनीहरुको मनपर्ने टिम जस्तै, म्याजिकल मुमेन्टस अफ पोर्चुगल प्रयोग गर्नुपर्नेछ । साथै आफूले समर्थन जनाएको देशको म्याजिकल क्षणहरुको भिडियो क्लिप वा फोटो पोस्ट गर्नुपर्नेछ ।

# ६ लाख स्मार्ट मिटर खरिद गर्दै विद्युत प्राधिकरण



**काठमाडौं/मस** – नेपाल विद्युत प्राधिकरणले ६ लाख स्मार्ट मिटर खरिदका लागि बोलपत्र आह्वान गर्ने तयारी गरेको छ । उपत्यकाका सबै ग्राहकलाई स्मार्ट मिटर दिने योजना अनुरुप खरिद गर्न लागेको हो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बोलपत्र आह्वान गर्न बिडिङ डकुमेन्ट तयार अवस्था रहेको बताएका छन् ।

केहीअघि स्मार्ट मिटर जडानको योजनालाई तीव्रता दिएको प्राधिकरण फ्रिक्वेन्सी अनुमतिको किचलो र अब नयाँ लगाउन मौज्दात नभएर रोकिएको थियो । सरकारले फ्रिक्वेन्सीको अनुमति दिएसँगै प्राधिकरणले स्मार्ट मिटर जडानको योजना पुन: अघि बढाएको हो । स्मार्ट मिटरमा प्रयोग हुने फ्रिक्वेन्सीको अनुमति नपाउदा प्राधिकरणले बीचमै योजना रोकेको थियो। असोज १३ गते राजपत्र प्रकाशित गर्दै संचार तथा सूचना प्रविधि मन्त्रालयले प्रतिमेगाहर्ज फ्रिक्वेन्सी ब्याण्डविथका लागि १ करोड २० लाख रुपैयाँ तिर्नुपर्ने गरी अनुमति दिएको हो ।

प्राधिकरणले स्मार्ट मिटरका लागि ३९६.५ देखि ३९९.५ मेगाहर्जको फ्रिक्वेन्सी लिन लागेको हो । प्राधिकरणले ३ ब्याण्डविथको अनुमति पाएको छ । प्राधिकरणले पाइलट प्रोजेक्टका रुपमा महाराजगंज र रत्नपार्क वितरण केन्द्र मातहत ९८ हजार ग्राहकको बिजुलीका पुराना मिटरलाई स्मार्टमा विस्थापन गरिसकेको छ । त्यसको सफल परिक्षणपछि उपत्यकाभरिका ग्राहकको मिटर स्मार्ट बनाउने योजना बनाएको थियो । तर त्यसमा प्रयोग हुने फ्रिक्वेन्सी प्रयोगको अनुमति नपाउँदा योजना नै रोक्नुपरेको थियो ।

प्राधिकरणका अनुसार करिब ५ लाख उपत्यकामा ग्राहकहरु छन् । सोहीअनुसार मिटर खरिद गर्न लागिएको हो । एसियाली बिकास बैंक(एडीबी)को सहुलियत ऋण सहयोगमा प्राधिकरणले मिटर खरिद गर्न लागेको हो । प्राधिकरण र एडीबीबीच ऋण सम्झौता भइसकेको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

उत्पादन बढाऔं र मितव्ययी बनौं
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ